महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
रंगेली नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः २०७८/५/४
च.नं. ६०

श्री प्रमुखज्यू,
रंगेली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं. ५३

मितिः २०७८/०५/४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
रंगेली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

कैफियत सहितको राय

हामीले रंगेली नगरपालिका नगर कार्यपालिकाको कार्यालय आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/१०/२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४६ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु.८ करोड ४५ लाख ७२ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४४ लाख ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ८४ लाख ५३ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ५० लाख ९० हजार र पेश्की बाँकी रु.६५ लाख ७१ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब-महालेखापरीक्षक

रंगेली नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रंगेली नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रंगेली नगरपालिकाको उद्देश्य रहेको छ । रंगेली नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, १११.७८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५२ हजार १३ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

प्राप्ती भुक्तानी हिसाव

२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१,०५,२०,५४,४४७.०९	८७,८९,८८,४८५.४९		८७,८९,८८,४८५.४९			
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७१,३९,५८,१४४.९७	६७,६८,५७,३७३.२६		६७,६८,५७,३७३.२६			
११००० कर	११	१३,३३,८३,७७२.००	९,३३,९३,१३०.८६		९,३३,९३,१३०.८६			
१३००० अनुदान		४४,४६,९९,५२८.००	४३,८४,५१,०००.००		४३,८४,५१,०००.००			
संघीय सरकार	१२	३८,५८,५३,०००.००	३८,१६,०४,०००.००		३८,१६,०४,०००.००			
प्रदेश सरकार	१२	५,६८,४७,०००.००	५,६८,४७,०००.००		५,६८,४७,०००.००			
अन्तरिक श्रोत	१२	१९,९९,५२८.००						
१४००० अन्य राजस्व	११	१,२५,३७,५००.००	१,४६,४७,१८४.४३		१,४६,४७,१८४.४३			
१५००० विविध प्राप्ति		५०,०००.००	३०,४८,५९८.००		३०,४८,५९८.००			
ख. अन्य प्राप्ति		१४,०५,८३,३०२.१२	४,१६,१३,२०९.२३		४,१६,१३,२०९.२३			
वितरण गर्न बाकी राजस्व								
कोषहरु		१४,०५,८३,३०२.१२	४,१६,१३,२०९.२३		४,१६,१३,२०९.२३			
धरौटी			१,०२,१८,०२३.४६		१,०२,१८,०२३.४६			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		१९,७५,१३,०००.००	१६,०५,१७,९०३.००		१६,०५,१७,९०३.००			
भुक्तानी (ग+घ)		१,०५,२०,५४,४४७.०९	७३,६६,२२,४८४.८५		७३,६६,२२,४८४.८५			
ग. भुक्तानी (सञ्चित कोषबाट)		७१,३९,५८,१४४.९७	५३,४४,९१,३७२.६२		५३,४४,९१,३७२.६२			
२१००० पारिश्रमिक / सुविधा	१८	२१,५८,६२,८८०.००	१८,७४,९४,४६७.८१		१८,७४,९४,४६७.८१			
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१४,९४,५९,८६०.००	९,५२,८७,०८९.८१		९,५२,८७,०८९.८१			
२५००० सहायता (Subsidy)	१८	६१,५०,०००.००	४४,१६,९०३.००		४४,१६,९०३.००			
२६००० अनुदान	१८	१५,००,०००.००	१५,००,०००.००		१५,००,०००.००			
२७००० सामाजिक सुरक्षा	१८	१,१७,१७,३८१.००	६३,५६,३८०.००		६३,५६,३८०.००			
२८००० अन्य खर्च	१८	७६,०४,०६१.९७	४७,६२,४६०.००		४७,६२,४६०.००			
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३२,१६,६३,९६२.००	२३,४६,७४,०७२.००		२३,४६,७४,०७२.००			
घ. अन्य भुक्तानी		३३,८०,९६,३०२.१२	२०,६८,६७,६७२.२३		२०,६८,६७,६७२.२३			
कोषहरु		१४,०५,८३,३०२.१२	४,१६,१३,२०९.२३		४,१६,१३,२०९.२३			
धरौटी			४७,३६,५६०.००		४७,३६,५६०.००			
संघीय, प्रदेश सरकार वा	१६	१९,७५,१३,०००.००	१६,०५,१७,९०३.००		१६,०५,१७,९०३.००			

अन्य कार्यक्रम								
ङ. यो वर्षको बचत (न्युन)		१,०५,२०,५४,४४७.०९	१४,२३,६६,०००.६४		१४,२३,६६,०००.६४			
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१२,३२,८७,३४४.९७	१२,७३,१७,४५९.९७		१२,७३,१७,४५९.९७			
वर्षान्तको बाकी रकम (ङ + च)		१,१७,५३,४१,७९२.०६	२६,९६,८३,४६०.६१		२६,९६,८३,४६०.६१			
बैंक तथा नगद बाकी	२४		१३,८१,०८,५१३.०८		१३,८१,०८,५१३.०८			
लेखाप्रमूख			कार्यकारी अधिकृत			महालेखापरीक्षकको कार्यालय		
पालिकाबाट प्रमाणिकरण मितिः								

धरौटी आर्थिक विवरणः कार्यालयबाट प्राप्त २०७६।७७ को धरौटी कारोवारको विवरण निम्नानुसार छ ।

गत आर्थिक वर्ष सम्मको जिम्मेवारी सारेको	७२३५६१३
चालु आर्थिक वर्ष	१०५९६४४२.५०
जम्मा	१७८३२०५६
सदस्याहा	०
फिर्ता	४७४०१६०
जम्मा	४७४०१६०
श्रेस्ता अनुसार बाँकी	१३०९१८९५.५०
बैंक अनुसार बाँकी	११३०२१२३.४६
फरक रकम	१७८९७७२.०४
फरक पर्नाको कारण	

श्रेस्तामा आम्दानी जनाएको तर जम्मा हुन बाँकी र श्रेस्तामा भुक्तानी जनाएको तर भुक्तानी हुन बाँकी ।

स्थानीय तहको नामः ***रंगेली नगरपालिका***		**आर्थिक वर्ष-२०७६/७७**
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	असुलीको स्थितिः- लेखापरीक्षणको क्रममा रु.७१४२५०/- र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु.२८०४२.५६/- गरी जम्मा रु.७४२२९२.५६ /- असुल भएको छ ।	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२६१९११८२.९२ ले फरक देखिएको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानीयतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १४११९९०४५.८० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १२,३२,८७,३४४.९७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १७९११७००.८३ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	१७९११७००.८३
३.	धरौटीको आर्थिक विवरण अनुसार श्रेस्तामा देखाएको बाँकी रकम भन्दा बैंकको बाँकी रकम घटी देखिएकोले बैंक जम्मा गर्न बाँकी उल्लेख देखाएको रकम यकिन गरी सोको प्रमाण पेश हुनुपर्ने रु.	१७८९७७२.०४
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा कार्यालयले बाँकी रकमको संचितकोष फिर्ताको भौचर खडा गरेको भएतापनि सो अनुसार रकम आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु. ४२३१७४३९.०८, पुजीगत खर्च खातामा रु. १२५५७६२१ र विभाज्यकोषमा रु. ३२१२३५८.६९ समेत गरी रु. ५८०८७४१८.७७ मौज्दात रहेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले	

स्थानीय तहको नामः *रंगेली नगरपालिका* आर्थिक वर्ष-२०७६/७७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । लेखापरीक्षणमा यस वर्ष कार्यालयले खरिद सम्बन्धी कार्य गर्दा देहायअनुसार गरेको विवरण प्राप्त भएको छ ।

खरिदको विधि	रकम	प्रतिशत
वोलपत्रको माध्यमबाट	६९९८७६९८	४०.७५
सिलबन्दी दरभाउ पत्र	१२५५७९३७	७.३१
सोझै	२८५५२०८७	१६.६२
अमानत	४५९३४१०	२.६७
उपभोक्ता समिति/लाभग्राही समुदाय	५६०४१९०७	३२.६३
जम्मा	१७१७३३०३९	

- **खरिद इकाईः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले जुनसुकै खरिद गर्दा खरिद इकाई गठन गरी सो इकाई मार्फत खरिद सम्बन्धी कार्य गराउन पर्नेमा नगरपालिका कार्यालयले खरिद इकाई गठन गरी खरिद सम्बन्धी कार्य गर्ने गरेको पाइएन ।
- खरिद सम्बन्धी कार्य गर्दा स्वीकृत खरिदको वार्षिक योजना स्वीकृत नगरी खर्च गर्न कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ २५ र प्रशासनिकतर्फ ३५ समेत ६० कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १५ र ३२ समेत ४७ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. १८८१९३७८/- खर्च लेखेको पाईयो । तलवी प्रतिवेदन पारित नगरी खर्च गर्दा तलव भत्ता र ग्रेड रकम यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ ऐन, ५ नियमावली, १० कार्यविधि निर्माण	

गरी कार्यान्यनमा ल्याएको छ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

५. **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ३ लाख ५० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम नगर प्रमुख स्तरीय र कार्यपालयकाको निर्णयबाट खर्च हुने गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
न.पा. पूँजीगत	१७३४८४	३७४३८	४१४८३	९४५६२	
संघीय हस्तान्तरिक कार्यक्रम	६१४७		१२३०	४९१८	
प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम	१२७६३		२१९२	१०५७१	
प्रदेश विशेष कोष	१५००		-	१५००	
प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम	२८७१२		४४८४	२४२२८	
तराई मधेश संवृद्धि कार्यक्रम	१२०६५		४५८१	७४८४	
कूल खर्चः	२३४६७१	३७४३८	५३९७०	१४३२६३	६६१७१
खर्च प्रतिशत		१५.९६	२३	६१.०४	२८.१९

७. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२५१२५०००	१३५८३२२२	५४.०६
सामाजिक क्षेत्र	४८५४१२८६०	३६१९१२४३९	७४.५६
पूर्वाधार विकास क्षेत्र	३४५३५१३४३	२४७७६९१३९	७१.७४
वित्तीय व्यवस्थापन र सुशासन	३६७७०००	१८८२९५७	५१.२१
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	१९१२८८२४४	१२२१०८०६३	६३.४४
जम्मा	**११९४९६५२४४**	**१२३९९१०२०**	

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

७.१. **खर्च बिश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २५९६८६७९.४४ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४९७८३७२३९.५५ समेत रु. ५२३८०५९१८.९९ आम्दानी भएकोमा चालु तर्फ रु. २९९८१७३००.६२ र पूँजिगत तर्फ रु. २३४६७४०७२ समेत रु. ५३४४९१३७२.६२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.८५ प्रतिशत

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १०५३४५०५/- खर्च भएको छ जुन आन्तरिक आयको ४०.५७ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.०९ प्रतिशत चालु र ४३.९१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
७.२.	**वडागत चालु खर्च भुक्तानीः** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ ले नगरपालिकाका पदाधिकारीहरुले पाउने मासिक सुविधामा टेलिफोन, मोवाइल, अतिथि सरत्कार र वडाध्यक्ष र वडा सदस्य का.पा. सदस्यलाई नगदै यातायात खर्चको सुविधा दिई सोही अनुसार नगरपालिकाबाटै भुक्तानी हुने गरेको छ । नगरपालिकाको चौथो नगरसभाबाट वडा कार्यालयहरो लागि चालु खर्च तर्फ इन्धन, संचार, अतिथि सत्कार शिर्षकमा बजेट स्वीकृती गरी खर्च गरेको पाइयो । वडाका पदाधिकारीले मासिक रुपमा भुक्तानी पाउने उपरोक्तानुसारका शिर्षकहरुमा नगरपालिकाबाट समेत रकम विनियोजन गरी वडागत रुपबाट खर्च हुने गरेको छ । नमूना छनौट गरी परीक्षणमा गरिएकोमा वडा नं. १ र २ मा संचार र अतिथिसत्कार शिर्षकमा खर्च दावी नगरीएको भएतापनि अन्य वडाहरुले उक्त दुबै शिर्षकबाट खर्च गरी रु. २१८३९१५/-सोधभर्ना माग गरेकोले एकै कार्यमा दोहोरो खर्च भए नभएको पुनः यकिन गर्नुपर्दछ ।	
७.३.	कोरोना भाइरसको माहामारीको कारण २०७६ चैत्र ११ पछि नेपाल सरकारले सार्वजनिक गतिविधि र आगमनलाई नियन्त्रण गरी २०७६।१२।२० देखि विभिन्न खर्च शिर्षकमा खर्च कटौती समेत गरेको छ । कार्यालयले वडागत रुपमा छुट्याएको बजेट मध्ये मसलन्द तथा कार्यालय सामाग्री र मेशिनरी औजार मर्मत खर्च शिर्षकमा मसलन्द तर्फ रु. २४४०००/- देखि रु. २५८०००/- सम्म छुट्याएकोमा सोही बराबरकोरकम खर्च गरेको र मेशिनरी औजार मर्मतमा रु. ५००००/- देखि रु. ७००००/- सम्म बजेट राखी रु. ४४७७५/- देखि रु. ६९४२६/- सम्म खर्च गरेको पाइयो । वार्षिक रुपमा खर्च गर्न तोकिएको चालु खर्च शिर्षकमा २.५ महिना लकडाउन भै कार्यालयहरु संचालन नहुँदा समेत बजेट कै हाराहारीमा खर्च गर्नाले चालु खर्चमा नियन्त्रण रहेको मान्ने आधार देखिएन ।	
७.४.	वडाहरुले इन्धन वापतको रकम सोधभर्ना माग गर्दा छुटाइएको बजेटको आधारबाट रु. ५२२७८/- देखि रु. ८२०००/- सम्म खर्च गरेको छ । जिन्सीको अभिलेख परीक्षण गर्दा वडा नं. ३,४,५,६,७,८ का वडाध्यक्षहरुले कार्यालयबाट मोटरसाइकल बुभिलिनुभएको पाइएकोले यातायात खर्च नगद र मोटरसाइकल इन्धन वापत वडा बजेटबाट भुक्तानी भएको देखिएको छ । यो वर्ष ९ वटा वडामा इन्धन वापत मोटरसाइकल संचालनमा मात्र रु. ६०५८७८/- खर्च देखिएकोले यो खर्च समेतमा दोहोरो भए नभएको यकिन गर्नुपर्दछ ।	
७.५.	**पोसाक खर्चः** प्रदेश नं. १ आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३६ मा खर्च गर्दा स्वीकृत बजेट र सम्बन्धित खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीहरुको पोसाक खर्च (खर्च शिर्षक २११२१) बाट भुक्तानी गर्नुपर्नेमा कर्मचारी पारिश्रमिक (२११११) पोसाक शिर्षकबाट भुक्तानी गरेको पाइयो फरक खर्च शिर्षकबाट भुक्तानी गरिएको रकम अनियमित देखिएको रु.	६९००००/-
७.६.	**व्यक्तिगत महशुल खर्चको भुक्तानीः** गाँउ तथा नगर सभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ ले नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा	३४७२२०/-

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	सदस्यको सुविधा सम्बन्धी व्यवस्था अनुसूची-१(ख) बमोजिम हुने गरी सुविधाको प्रकार र पाउने रकम मासिक रुपमा तोकिदिएको छ । यस नगरपालिकाका पदाधिकारीहरुलाई समेत सो ऐनको व्ययवस्था अनुसार मासिक रुपमा टेलिफोन, मोवाइल (मासिक) दरबाट भुक्तानी गर्ने गरिएको छ । लेखापरीक्षणको क्रममा संचार महशुल शिर्षकको भुक्तानी साथ सम्लग्न स्टेट्मेन्ट बमोजिम प्रमुख उप प्रमुख लगायत अन्य कर्मचारीहरुको मोवाइलमा ई-सेवा मार्फत रकम रिचार्ज गराई ट्रान्फर गरेको विवरण समेत संकलन गरी भुक्तानी गर्ने गरेकोले एकै कार्यमा पदाधिकारी तर्फ दोहोरो र कर्मचारीहरुको व्यक्तिमा मोवाइलमा समेत संचार महशुल शिर्षकबाट खर्च गर्ने गरेको पाइयो । नमूना छनौट गरी परीक्षण गरिएकोमा २०७६ असोज, मार्ग, पौष, फाल्गुन, चैत्र, बैशाख र आषाढ महिनामा रु. ३४७२२०/- ट्रान्सफर गरी खर्च गरिएकोले यस सम्बन्धमा पुन यकिन गरी बढी भुक्तानी रकम फिर्ता दाखिला हुनुपर्ने रु.	
७.७.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. २३३८१८१/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
७.८.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस नगरपालिकाले धार्मिक सांस्कृतिक सहायता वापत रु. १९७८८४/- र अन्य सामाजिक सहायता रु. १७४७०००/- क्रमशः धार्मिक र उपचार खर्च प्रयोजनको लागि र वडाहरुको लक्षित वर्ग कार्यक्रमबाट समेत रु. ४३६९५०/- समेत रु. २३८१८३४/- आर्थिक सहायता उल्लेख गरी व्यक्ति एवं संघ संस्थालाई आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
७.९.	भौ.नं. ८३८।२०७७।३।२३ कार्यक्रमको अनुगमन खर्च वापत ४ जना कर्मचारीलाई रु. ४००० भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन पेश नभएको रु.	४०००/-
७.१०.	**अवकास कर्मचारीको तलव भत्ता भुक्तानीः** प्रा.स. सहायक चौथो जय प्रकाश मण्डल २०७७।३।४ देखि अनिवार्य अवकाश भएकामा निजलाई असार महिनाको पुरै तलव भत्ता जम्मा रु. ४२९७२/- भुक्तानी भएको पाइयो । ४ दिनको रु.५७२९.६० कट्टी पछि बढी भुक्तानी भएको रु.३७२४२.४० मध्ये बेरुजु छलफल पश्चात रु.३७४३.४० मात्र २०७७ पौष महिनाको पेरोलबाट कट्टी गरी असुल गरेको भएतापनि बाँकी रु.३३४९९/- असुल गर्नुपर्ने मा प्रतिकृयाबाट रु.२८०४२.५२ को प्रमाण पेश भई बाँकी रु ५४५६ असुल गर्नुपर्ने रु.	५४५६/-
	• **संगठन तथा कर्मचारी व्यवस्थापन**	
८.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४२ जना कर्मचारीहरु करारमा राखी रु.११४४६०६०/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद	

स्थानीय तहको नामः *रंगेली नगरपालिका* **आर्थिक वर्ष-२०७६/७७**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	वाहेकको विभिन्न पदमा ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२४७८९७६/- भुक्तानी गरेको अनियमित देखएको रु.	२४७८९७६/-
९.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कोषमा गत विगत देखि रु.२४०४९४६.७१ रहेको विवरणबाट देखिएको छ ।	
१०.	**कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको शर्त था सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने र दफा ८६(२) मा सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले सेवाको शर्त तथा सुविधा सम्बन्धी कानून बनाएको पाइएन ।नगरपालिकाले विभिन्न स्थानीय तथा करार कर्मचारीहरुलाई मासिक रु.१५००/- दरले खाजा भत्तामा रु.१२९७८५०/- तथा श्रावण देखि जेठसम्म तलवको ३० प्रतिशत सम्म र असार महिनामा ५० प्रतिशत सम्म प्रोत्साहन भत्ता भुक्तान गरी जम्मा रु.६२७६१०८/- भुक्तानी गरेको पाइयो । स्थानीय तहले कानून नबनाई यो वर्ष रु.६२७६१०८/- प्रोत्साहन भत्ता तथा खाजा भत्ता खर्च गरेको कारण आर्थिक व्यवहार बढन गएको रु.	६२७६१०८/-
११.	**बीमा वापतको रकम भुक्तानीः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको शर्त था सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने र दफा ८६(२) मा सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले सेवाको शर्त तथा सुविधा सम्बन्धी कानून बनाएको पाइएन । कार्यालयले ११ जना कर्मचारीको नाममा निजहरुले नेपाल लाइफ इन्सुरेन्स कम्पनीहरुसँग जिवन बीमा गराएको र सो अनुसार भुक्तानी तिरेको प्रिमीयम मध्ये ५० प्रतिशत कर्मचारीबाट र बाँकी नगरपालिकाको रकमबाट व्यहोरी यो वर्ष रु. ५२०५४/- भुक्तानी गरेको छ । कर्मचारीको सेवा शर्त सुविधा सम्बन्धी ऐनमा व्यवस्था नगरी भुक्तानी गरेको खर्च रु.	५२०५४/-
१२.	**नपाउने भत्ताः** नेपाल सरकाबाट प्राप्त शर्शत (अन्तर सरकारी वित्तीय हस्तान्तरण) बाट रकम खर्च गर्दा तोकिएको कार्यमा मात्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शर्शत तर्फ (स्वास्थ्य शाखा) स्वास्थ्य चौकीका कर्मचारीलाई समेत खाजा भत्ता उल्लेख गरी मासिक रु. १५००/- का दरले भत्ता भुक्तानी गरेकोले स्वीकृती नभएको कार्यमा खर्च गरेको रकम असुल हुनुपर्दछ रु.	३३४९५०/-
१३.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको २१ गरी कुल २७ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्यौट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१४.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	नगरपालिकाले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २०७७।७।२४ सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।	
१४.१.	**सफ्टवेयर प्रयोग र स्वीकृतीः** सूचना प्रविधि प्रणाली निर्देशिका २०७१ को बुँदा ४ मा कुनै सरकारले आफ्नो कार्य विद्युतीय माध्यमबाट संचालन गर्नको लागि सूचना प्रविधि विभाग मार्फत जाँचबुझ गराई प्रमाणीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयमा संचालनमा ल्याएका सफ्टवेयरहरु निर्देशिका बमोजिम स्वीकृत गराई लागु गरेको पाइएन । तोकिएको प्रकृया पुरा गरेरमात्र प्रयोगमा ल्याउनुपर्दछ ।	
१४.२.	**नक्सा पास अवस्थाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने संरचना, घर तोकिए बमोजिम नक्सा पारित गराएर मात्र निर्माण गर्नुपर्ने व्यवस्था छ । भवन ऐन २०५५ को दफा १३ ले कुनै व्यक्ति, संस्था र सरकारी निकायले भवन संहितामा तोके अनुसार नभएमा नगरपालिकाले निर्देशन दिन सक्ने व्यवस्था छ । तर कार्यालयले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, नगर स्तरीय योजनाबाट विभिन्न संस्थाका सामुदायिक भवन, मन्दिर लगायतका संचरनामा लगानी गर्ने गरेकोमा नक्सा पास नै नगरी निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गर्ने गरेको छ । कानूनमा भएको व्यवस्थाको पालना गरेरमात्र भवन निर्माण सम्बन्धी योजना तथा कार्यक्रममा खर्च गर्नुपर्दछ ।	
१४.३.	**लेखा ढाँचाको प्रयोगः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा २५ बमोजिम नगरपालिकाले महालेखापरीक्षकले स्वीकृत गरेको ढाँचामा कारोवार राख्नु पर्ने व्यवस्था छ । कार्यालयले अधिकांश फारमहरु पुरानै ढाँचामा प्रयोग गरी कारोवार गर्ने गरेको छ । २०७६।२।१९ देखि म.ले.प. फारमहरु संशोधन भै लागु भएकोमा सो अनुसारको ढाँचामा लेखा राखी अध्यावधिक गर्नुपर्दछ ।	
१४.४.	**करदाताको अभिलेखः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५८ मा नगर क्षेत्र भित्रका करदाताको अभिलेख अध्यावधिक गरिराख्नुपर्नेमा सो अनुसार राखेको पाइएन।	
१४.५.	**मध्यकालिन खर्च संरचनाः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित योजनाको उद्देश्य खर्च व्यहोर्ने श्रोत आवश्यक पर्ने खर्चको विवरण वार्षिक खर्चसँग तादम्यता, गत आ.व.को लक्ष्य हासिल भए नभएको संरचना तयार गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।	
१४.६.	**स्थानीय तथ्याङ्क, अभिलेख र श्रोत नक्साङ्कनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क, अभिलेख र सो को व्यवस्थापन, भौगोलिक अवस्था प्रकृतिक श्रोत, पूर्वाधार अन्तर्गतका सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनको प्रोफाईल तयर गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ऐनको व्यवस्थापन बमोजिम श्रोत नक्साङ्कन वा नगर प्रोफाईल तयार गरेको पाइएन ।	
१४.७.	**पालिकाको बैठकः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १७ मा कार्यपालिको बैठकको कम्तिमा महिनाको एक पटक बस्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यपालिको १४ पटक बैठक बसेको भएतापनि श्रावण, असोज, पौष र चैत्र महिनामा बैठक संचालन नभएको तर आषाढ महिनामा मात्र ७ पटक बैठक बसि कार्य गरेको देखिएकोले ऐनको व्यवस्थाको पूर्ण पालना भएको पाइएन । ऐनले तोके बमोजिमको आधारमा कार्य संचालन गर्नुपर्दछ ।	
१४.८.	**जिन्सी व्यवस्थापनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा नगरपालिकाले	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजु रकम**
	आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख राखी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडागत तथा विषयगत कार्यालय समेतको जिन्सी मालसामानको एकिकृत प्रतिवेदन तयार गरेको देखिएन । एकीकृत प्रतिवेदन तयार नगरी मर्मत सम्बन्धी कार्य गराउदै खर्च गरेकोले तोकिए बमोजिमको जिन्सीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।	
१४.९.	**गुरु योजना तथा वार्षिक खरिद योजनाः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ तथा नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले कार्यालयको बजेट र कार्य प्रकृतीको आधारमा रु. १० करोड भन्दा बढीको गुरु योजना र वार्षिक रुपमा वार्षिक खरिद बनाई स्वीकृत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो ऐन तथा नियमावली बमोजिम गुरु योजना र खरिद योजना बनाएको छैन ।	
१४.१०.	**राजस्वको अभिलेखः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१)(२) मा कानून बमोजिम प्राप्त हुने सबै राजस्व रकम प्राप्त भएकै दिन तोकिए बमोजिम लेखा तयार गरी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले समेत २०७६।२।२९ मा स्वीकृत नयाँ ढाँचा अनुसार भएको लेखा फारम प्रयोग गरी कारोवार संचालन गर्नुपर्दछ ।	
१४.११.	**संस्था दर्ता अभिलेखः** नगरपालिका अन्तर्गत दर्ता भएका र नवीकरण गरिएका संस्थाहरुको अद्यावधिक विवरण राखी प्राप्त दस्तुर रकम समेत एकीकृत गरी श्रेष्ता खडा गर्नुपर्नेमा दर्ता तथा नवीकरण गरिएका संस्थाहरुको एकीकृत अभिलेख नराखेकोले आम्दानी रकम भिडान नभएकोले यस सम्बन्धमा सबै विवरण अद्यावधिक गरी चालु खर्चको आय यकिन हुनुपर्दछ ।	
१४.१२.	**सवारी साधन कर, विज्ञापन कर, व्यवसायीक कर, भूमि कर मालपोतः** प्रदेश सरकार आर्थिक ऐन २०७६ को दफा ३(२) टाङ्गा, रिक्सा, ई-रिक्सा, पावर टिलर, विज्ञापन र व्यवसायीक कर नगरपालिकाले कर लगाई असुल गर्न सक्ने व्यवस्था छ । यस नगरपालिकाले उपरोक्तानुसारका कर असुली सम्बन्धी अभिलेख अद्यावधिक गरि नराखेकोले वक्यौता र हसवली करको अवस्था खुलाएको छैन । कानूनमा व्यवस्था भए बमोजिम उपरोक्तानुसारका सवारी साधन कर, विज्ञापन कर, व्यवसायीक कर र भूमीगत वापत प्राप्त हुनुपर्ने र भएको अवस्था हुलेको विवरण तयार गरी पेश नभएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन ।	
१४.१३.	**दोहोरो आर्थिक सहायताः** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहले आर्थिक सहायत चन्दा पुरस्कार एवम् संस्थागत अनुदान वितरणको व्यवस्था रहेको पाइएन । कार्यालयले अपन विराटगढ परोपकार समाजलाई भौ.नं.३२३ र ३४७ बाट क्रमश रु.२५०००/- र रु.७००००/- प्रगतिशिल फेडेरेशन अवसर संयूक्त महिला सञ्जालाई भौ.नं.१९३ र २०४ बाट क्रमश रु.७००००/- र रु.७००००/- भुक्तानी भएकोले एउटै संस्थालाई दोहोरो आर्थिक कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१४.१४.	**बैठक भत्ताः** प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यीता सम्बन्धी निर्देशिका २०७५ को परिच्छेद २ बुँदा ३ मा बैठक भत्ता सम्बन्धी व्यवस्था गरेको छ । उक्त निर्देशिकाको बैठक सम्बन्धी व्यवस्थामा एकै कार्यालयका कर्मचारीको उपस्थिती बैठकमा भत्ता नपाउने र सहयोगी कर्मचारीले रु. ७००/- मात्र भत्ता पाउने व्यवस्था भएकोमा रु. १०००/- का दरले भुक्तानी गरेको र बैठक बस्दा कार्यालय समय अघिपछी बस्नुपर्नेमा समय उल्लेख नगरेको पाइयो । कार्यालयले विभिन्न भौ.नं. र मितिबाट उक्त मापदण्डमा तोकिए भन्दा फरक गरी बैठक भत्ता भुक्तानी गरेको रु.	३५३०००/-
१४.१५.	फुलोदेवी साहलाई जितिय पर्वको लागि रु. १५०००/- भुक्तानी गरेकोमा संलग्न विल भरपाई अनुसार रु. १०९५०/- मात्र देखिएकोले विल भरपाई भन्दा बढी भुक्तानी गरेको रु.	४०५०/-

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
१४.१६.	नेपाल सतसङ्ग मन्दिरलाई आर्थिक सहयोग वापत रु.११०००/- भुक्तानी गरेकोमा विजकबाट रकम भुक्तानी नगरी साधारण हस्तलिखित कागजको आधारमा भुक्तानी दिएकोले विजक राखि नियमित गर्नुपर्दछ रु.	११०००/-
१४.१७.	जेपी मिडियालाई भुक्तानी गर्दा विल बमोजिम रु.११३००/- मात्र भुक्तानी गर्नुपर्नेमा रु.१३०००/- भुक्तानी गरेकोले विल भन्दा बढी भुक्तानी गरेको असुल हुनुपर्ने रु.	१७००/-
१४.१८.	नेपाल सन्तमन्त सतसङ्गलाई कार्यक्रम संचालन गर्न रु.५१०००/- प्रदान गरिएकोमा उक्त कार्यक्रम संचालन गरीएको प्रतिवेदन समावेश नभएको रु.	५१०००/-
१४.१९.	प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यीता सम्बन्धी निर्देशिका २०७५ बमोजिम विदाको दिनमा अतिरक्त समय काम गर्ने कर्मचारीले तोकीए बमोजिम अवधि पुष्टि हुने प्रमाण समावेश गरी खर्च लेख्नुपर्नेमा कार्यालयका ७ जना कर्मचारीलाई अतिरिक्त समय काम गरेको पुष्टि हुने प्रमाण समावेश नगरी खर्च लेखेको रु.	७७००/-
	• **पूँजीगततर्फः**	
१४.२०.	**निजी विद्यालयहरुमा छात्रावृत्ती प्रासिको अवस्थाः** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा २७ (३) मा ऐन प्रारम्भ भएपछि निजी लगानीका विद्यालय र शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयहरुले विद्यार्थी संख्याको आधारमा प्रारम्भिक बाल विकास तथा आधारभुत शिक्षा देखि १२ कक्षा सम्म कुल विद्यार्थी संख्याको आधारमा कम्तिमा १० देखि १५ प्रतिशतसम्म निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिका क्षेत्र भित्र निजी लगानी तथा शैक्षिक गुठीमा संचालित विद्यालयहरुले ऐनमा भएको व्यवस्था अनुसार आरक्षण गरेको विवरण लिई अनुगमन गरेको देखिएन ।	
१४.२१.	भौ.नं. ९।२०७७।२।१९ सगरदिन शिव मन्दिर पश्चिम सडक मर्मत उपभोक्ता समिति विल बमोजिम रु. ७१५६८.४७ भुक्तानी गर्नुपर्नेमा रु. ७३०२४/- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु. १४५५.५३ असुल हुनुपर्दछ रु.	१४५५.५३
१४.२२.	अस्पतालमा विरामीलाई खाना उपलब्ध गराए वापत रौनक क्यान्टीलाई रु.१०३०९०/- भुक्तानी भएकोमा मिति २०७६।१२।१४ र २०७६।१।२१ को डाईट फारम नभएको फुल डाईट जम्मा १६ र हाफ डाईट जम्मा १० र मिति २०७६।७।१७ गते फुल डाईट ८ र हाफ डाईट ६ दोहोरो भएको र असार २०७७ मा फुल डाईट जम्मा १४२ र हाफ डाईट जम्मा ३४ हुनुपर्नेमा फुल डाईट जम्मा १४८ र हाफ डाईट जम्मा ४६ भएकोले बढी भुक्तानी भएको रु.३२३०/- असुल हुनुपर्ने देखिन्छ रु.	३२३०/-
	• **पदाधिकारी सुविधा**	
१५.	**पदाधिकारी थप सुविधाः** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३(४) मा चाडपर्व खर्चको हकमा वर्षमा एक पटक सम्बन्धित स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाँउ तथा नगरपालिकाको सदस्यले रु. १० हजार र उपमहानगरपालिका तथा महानगरपालिकाका दस्यको हकमा रु. १५०००/- मा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमा भित्र रहि कार्यपालिकाले निर्णय गरे बमोजिम हुने व्यवस्था छ । यस आ.व. मा चालु खर्च रु. ९४४२०५३१.६२ र आन्तरिक आय रु. २५९६८६७९.४४ अर्थात चालु खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको अवस्थामा आन्तरिक राजस्व र आम्दानीको विचार नगरी नगरपालिकाले पदाधिकारीहरुको चाडपर्व खर्च वापत रु. ५०००००/- खर्च लेखेको छ ।	
१६.	**स्वकीय सचिव र सल्लाहकार** - प्रदेश नं. अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा कल्पनाथ ठाकुरलाई सुपरभाइजर स्तरको मासिक रु. २८२००/- का दरले रु. ४९६१२०/- तलब भत्ता भुक्तानी हुने गरी काममा लगाएको र श्री जगन प्रसाद फुयाललाई नियुक्त गरी मासिक रु. १५०००/- र का दरले रु. १८००००/- भुक्तानी गरेको पाइयो रु. (प्रदेश नं. १ को सुविधा सम्बन्धी ऐनमा नगर प्रमुखले स्वकीय सचिव राख्न पाउने तर तह नतोकिएकोले कानूनी सल्लाहकारको भुक्तानीलाई लगती बेरुजु कायम गरिएको ।)	१८००००/-
	• **अनुदान प्राप्ति, वितरण र फिर्ता**	
१७.	**अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१८.	**चालु शिर्षकबाट पूँजिगत खर्च भुक्तानीः** प्रदेश नं. १ आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३६ मा खर्च गर्दा स्वीकृत बजेट सम्बन्धित खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार निर्माण तथा मर्मत कार्यको भुक्तानी चालु शिर्षकबाट रु. ३९७३००/- भुक्तानी गरेको पाइयो । नियमावलीमा भएको व्यवस्थाको पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।	

भौ.नं./मिति	भुक्तानी विवरण	रकम
८५६/०७७/३/२९	साखुवाथान यूवाचोक मैनावारी बाटो मर्मत उपभोक्ता समितिलाई भुक्तानी	१९७८८४
७७५/०७७/२/१८	श्री महर्षि मही आधारभुत विद्यालय कम्पाउन्डवाल निर्माण उपभोक्ता समितिलाई भुक्तानी	१९९४१६
	जम्मा	३९७३००

	• **कर दस्तुर एवं आन्तरिक आय**	
१९.	**असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा समेत असुल गर्न बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।	
१९.१.	**सेवा शुल्क ठेक्का बन्दोवस्तः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका तोकिएका सेवा सुविधाहरुमा सेवा शुल्क असुल गर्न सक्ने व्यवस्था गरी सेवा सुविधा उपयोग गरे वापत लाग्ने शुल्क उठाउने कार्य आफैं वा व्यवस्थापन करार वा निजि क्षेत्र मार्फत गर्न गराउन सक्ने व्यवस्था छ । ऐनको दफा ६२(क) मा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

नगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुँगा, गीटी, वालुवा एवं माटो जन्य वस्तुको विक्रि गर्न सक्ने छ भन्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः

१९.१.१. **सेवा शुल्क र विक्रिको अनुमानः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ ले स्थानीय राजश्व परामर्श समितिको व्यवस्था गरी समितिको काम कर्तव्य तोकिएको र दफा ६५(२)(ङ) मा समितिले कर राजश्व सेवा शुल्क दस्तुर आदीको दर सम्बन्धमा परामर्श दिने व्यवस्था भएता पनि कार्यालयले २०७६।७७ मा श्रोत उपयोग शुल्क/खोला कर संकलन (नदी जन्य पदार्थ) हाट बजार लगायतका क्षेत्रबाट संकलन गरिने सेवा शुल्क र विक्रि मूल्य कायम गर्नु अघि राजश्व परामर्श समितिको राय लिएको पाइएन ।

१९.१.२. **वातारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र ठेक्का अवस्थाः** कार्यालयले खोला जन्य पदार्थको उत्खन्न गरी विक्रि वितरणको ठेक्का निजि क्षेत्र मार्फत गराउने गरी कार्यालयले अनुमान गरिएको परिमाण र वातारणीय प्रभाव मूल्याङ्कनबाट संकलन गर्ने सकिने खोला र वार्षिक परिमाण निम्नानुसार देखिएको छ ।

कार्यालयले उत्खन्न गरी ठेक्का लगाउन गरेको अनुमान				जिल्ला समन्वय समितिबाट प्रमाणित वातावरणीय प्रभाव मूल्याङ्कनले तोकिएको वार्षिक परिमाण
खोलाको नाम	नाकाको नाम	खोला जन्य सामाग्रीको		
		प्रकार	परिमाण (घन फिट)	
लोहन्द्रा खोला	सगरविना	वालुवा	७१५११२.२०	बालुवा ९३१५ घ.मी. भरौट १०८०० घ.मी.
	गढीघाट	वालुवा	१९०६९९.२०	
		भरौट	२८६०४६.८०	
	विनघाट	वालुवा	६६७४४.७२	
		भरौट	९५३४९.६०	
चिसाङ्ग खोला	भण्डारी बन करुवा घाट	वालुवा	१७१६२९.२८	बालुवा १७२८० घ.मी. भरौट ४४५५० घ.मी.
	झमनपुर घाट	वालुवा	१०४६८४.५६	
		भरौट	१४३०२४.४०	
	गोपालमान सिह कामत पश्चिम घाट	वालुवा	३३३७२३.६०	
		भरौट	४७६७४८	
	कविला घाट	भरौट	१९०६९९	
डास खोला	छठ घाट	भरौट	२८६०४६.८०	बालुवा २१६०० घ.मी. भरौट ४५९०० घ.मी.
	तिरुपति आर्यघाट	वालुवा	३८१३९८	
		भरौट	९०५८२१.२०	
	निचामारी घाट	वालुवा	३८१३९८.४०	
		भरौट	४२९०७३.२०	

उपरोक्त अनुसार कार्यालयले बालुवा तर्फ ३ वटा खोलाबाट ६६४७९.३० घ.मी. र भरौट तर्फ ७९७२८.१४ घ.मी. खोला जन्य पदार्थ उत्खन्न गर्न नगरपालिकाको २०७६।५।२ को बठैक निर्णय नं. ८ बाट ठेक्का लगाउन निर्णय भएको आधार देखाई अनुमानित परिमाण स्वीकृत गरी ठेक अङ्क कायम गरको छ । स्वीकृत आई ई ई प्रतिवेदन भन्दा कार्यालयले ३७.९३ प्रतिशत बढी बालुवा उत्खन्न गर्न ईजाजत दिने गरि ठेक्का पट्टा गर्न परिमाण स्वीकृत गरेको र प्रदेश सरकार आर्थिक ऐन २०७६ ले तोकिएको दरको आधारमा रु. ८१६४३०६.४० हुने अनुमानित आय देखाएकोमा गत आर्थिक वर्षमा लोहन्द्र खोला मात्र ठेक्का लागेको चिसाङ्ग र डाँस खोला वडा कार्यालय मार्फत विक्रि गरेको उल्लेख गरी ३ वटै खोलाको एक मुष्ट रु. ३०५६१००/- (मू.अ. कर बाहेक) मात्र न्यूनतम अङ्क कायम गरेको छ । २०७६।५।४ मा

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	शिलबन्दी वोलपत्र आव्हान गरेको छ । वोलपत्र सूचनामा ठेक रकम एकमुष्ट बुझाएमा कानून बमोजिम औचित्य हेरि १० प्रतिशत सम्म छुट दिन सकिने छ भन्ने शर्त उल्लेख गरेको देखियो । कार्यालयले २०७६।६।१२ मा वोलपत्र मूल्याङ्कन समितिको सिफारिसको आधारमा मोरङ कन्ट्रक्शनको रु. ४५०५६६३/- कवोल अङ्क स्वीकृत गरेको पाइयो ।	
१९.१.३.	निर्माण व्यवसायीको ठेक्का स्वीकृत गरी खरिद ऐन २०६३ को दफा २७ बमोजिम कार्य सम्पादन जमानत लिई सम्झौता गरी उत्खन्नको पट्टा जारी गर्नेपर्नेमा सो अनुसार नगरी सोही दिन मोरङ कन्ट्रक्शनलाई कार्तिक मसान्त सम्ममा सम्झौता गर्ने शर्तमा अस्थायी चलान पूर्जी दिने निर्णय गरेको पाइयो । सूचनाको शर्त अनुसार एकमुष्ट रकम जम्मा गरेमा मात्र छुट दिन सकिने भएतापनि दोश्रो घटी वालाको विडवण्ड वापत राखेको नगद धरौटी रु. २६५०००/- मोरङ कन्ट्रक्शनको लागि प्रयोग गर्न दिने निवेदन र बैङ्क विडवण्डको रु. २७५०००/- जम्मा भएको अवस्था देखाई २०७६।७।२० मा मात्र राजस्व खातामा रु. ३७९०१००/- दाखिला गरेको आधारमा रु. ४५०५६६/- छुट दिई २०७६।७।२० मा मात्र सम्झौता गरेको छ । छुट पाउने शर्त अनुसार एकमुष्ट रकम दाखिला नभएकोमा समेत छुट दिई घटी रकम मात्र असुल गरेको रु.	४५०५६६/-
१९.१.४.	स्वीकृत आई.ई.ई प्रतिवेदन भन्दा बढी परिमाण उत्खन्न गर्ने गरि ठेक्का बन्दोवस्त भएको अवस्था देखिएकोले आई ई ई स्वीकृत प्रतिवेदनको आधारमा मात्र नगरपालिकाको श्रोत उत्खन्नको काम गर्नु पर्नेमा सो भन्दा बढी परिमाणको ठेक्का बन्दोवस्त गरेको कारण स्पष्ट देखिएन ।	
१९.१.५.	**प्रतिस्पर्धा र सेवा शुल्क असुलीः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा सार्वजनिक कार्यलयले कुनै खरिद गर्नुपर्दा खुल्ला रुपमा वोलपत्र आव्हान गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले दोहमना बजार, फर्सादाँगी, बाखाहटी हाट बजारको सेवा शुल्क असुली गर्ने कामको अनुमानित आय रु २७०५७५१/- कायम गरी उक्त कार्य निजी क्षेत्र मार्फत गराउन २०७६।३।४ मा सूचना प्रकाशित गर्दा राष्ट्रिय स्तरको पत्रिकामा नगरी जिल्लाका अन्य सरकारी कार्यालयमा सूचना टाँस गर्न पठाएको आधारमा ठेक्का बन्दोवस्त गर्दा एक मात्र रु. २७०५८०१/- दरभाउपत्र (कवोल अङ्क) लाई नै स्वीकृत गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरेकोमा पट्टा कवुलियत लेखापरीक्षणमा पेश भएन । सूचनाको शर्त अनुसार ठेक्का कवोल गर्ने व्यक्तिले पहिलो किस्ता सम्झौता गर्न आउदा र दोश्रो र तेश्रो किस्ताको बैंक जमानत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का कबोल गर्ने दयानन्द यादवले २०७६।४।१५ मा रु. ९०२०००/- पहिलो किस्तामात्र बुझाएको र सो अवधि पछि कुनै किस्ता बुझाएको पाइएन । कार्यालयले २०७६।३।३१ देखि अस्थायी पूर्जी दिएको छ ।	
१९.१.६.	कार्यालयले कवोल वालासँग १८ सेप्टेम्बर २०१९ मा सृजना फाइनान्स लि.ले जारी गरेको रु. १८०४०००/- को पर्फर्मेन्स वण्ड लिएकोमा उक्त वण्डको अवधि १७ जुलाई २०२० (आषाढ मसान्त) सम्म रहेको पाइयो । कवोल अनुसारको रकम दाखिला नभएकोमा बैंकबाट जमानत प्राप्त गरी असुल गर्नुपर्नेमा गरेको पाइएन । यो कवोल ठेक्काको २०७७।६।... मा रु. ४५००००/- २०७७।९।१२ मा रु. ४५००००/- जम्मा गरेको जानकारी प्राप्त भएको छ । उपरोक्तानुसारको अवस्थाले यो ठेक्काको हाल सम्म रु. १८०२०००/- मात्र दाखिला भई बाँकी रु. ९०३८०१/- रकम दाखिला नभएकोमा नगरसभाबाट छुट दिएको अवस्थाले असुल समेत भएको देखिएन ।	
१९.१.७.	**आन्तरिक आयको छुटः** स्थानीय सरकार संचालन ऐन २०७४ को ११घ(६) ढुँगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरिढुंगा आदि प्राकृतिक वस्तुको विक्रितथा निकासी शुल्क	१९०००००/-

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>दस्तुर संकलनको व्यवस्था रहेको छ । परिच्छेद ९ दफा ५४ देखि ६८ सम्म गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकारको क्षेत्र तोकिएको छ । ऐनको दफा ६२क मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा ढुँगा, गिट्टी, बालुवा, एवं माटो जन्य वस्तुको विक्रि गर्न सक्ने छ भन्ने व्यवस्था रही ६२क(३) बमोजिम विक्रि वापत प्राप्त रकम गाउँपालिका तथा नगरपाललिकाको संचित कोषमा जम्मा गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ नगरसभाको २०७७।३।२९ को निर्णय नं. ८ मा खोला ठेक्का लिने व्यवसायी र हाट बजारको सेवा कवोल गर्ने व्यक्तिलाई क्रमशः रु. १००००००/- र रु. ९०००००/- छुट दिने निर्णय भएको देखाई रु. १९०००००/- छुट गरी हाट बजार तर्फको बाँकी रकम असुल नगरेको र प्रदेशलाई पठाउनु पर्ने खोला ठेक्का तर्फको रकमको ४० प्रतिशतमा समेत छुट रकम घटाएर मात्र बाँडफाँड गरेको पाइयो । संचित कोषमा जम्मा गर्नुपर्ने आयलाई कोषमा जम्मा नगराई सभाको निर्णयको आधारमा छुट दिई घटी असुली गरेको रु.</td><td></td></tr>
<tr><td>१९.१.८.</td><td>कानूनको पालना र अनुगमनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन २०७६ परिच्छेद ९मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेखहता तोकिएको छ । नगरपालिकाले खोलाजन्य पदार्थको विक्रि लगायत अन्यबाट शुल्क उठाउने गरी ठेक्कापट्टा गर्दा कानूनको पालना गरेर मात्र गर्नुपर्दछ । कार्यालयले ठेक्का संचालन गर्न सम्झौता नै नगरी तोकिएको अवधि भर अस्थायी अनुमति दिने ठेक्का प्राप्त गर्नेले पालना गर्नुपर्ने (शर्त) उत्खन्न परिमणको मासिक विवरण नलिने शर्त अनुसार ठेकेदारले नगरपालिकाबाट रसिद प्रमाणित नगराउने, वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लेखित वार्षिक परिमाण भन्दा बढी परिमाण ठेक्का लगाउने, नाकामा ६ वटा इस्काइभेटर/व्याकहो मेशिनबाट उत्खन्न गर्न इजाजत दिने (प.स. २०७६।७७ च.नं. ९०२ मिति २०७६।९।११ को पत्र) आफ्नो क्षेत्र भित्रका नदि जन्य पदार्थ उत्खन्न कार्यमा आन्तरिक नियन्त्रण र अनुगमन वेगरनै प्राकृतिक स्रोतको दोहन गरिएको र असुल गर्नुपर्ने रकम छुट दिई व्यक्ति विशेषलाई लाभ पुर्‍याएको तथा हालसम्म (२०७७।९।२५) कबोल अनुसारको रकम समेत नबुझाएको (हाट बजार ठेक्का कबोल गर्ने) ले यस सम्बन्धमा छानविन गरी सम्झौता अनुसार मासिक रुपमा विवरण नदिई उत्खन्न गरिएको परिमाण समेत यकिन गरी प्रदेश सरकार आर्थिक ऐनले तोके बमोजिमको शुल्क लिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०.</td><td>राजश्व वाँडफाँड- प्रदेश नं. १ आर्थिक ऐन २०७६ बमोजिम स्थानीय तहले असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम प्रदेश संचित कोषमा पठाउनु पर्ने रु.
<table>
<tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr>
<tr><td>दहत्तर बहत्तर शुल्क</td><td>३७९०१००</td><td>४०</td><td>१२२२०४०</td><td>२९४०००</td></tr>
</table>
बेरुजु मस्यौदा छलफलमा बाँडफाँडको रकम छुट पछाडीमात्र पठाउने निर्णय गरेकोले घटी पठाइएको जानकारी दिएको छ ।</td><td>२९४०००/-</td></tr>
<tr><td>२१.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	४२७०००००	१७६२२५१	४.१३
घरजग्गा वहाल कर	३०००००	२२०६८८	७३.५६
व्यवसाय कर	५००००	४५२८०	९०.५६
वहाल बिटौरी शुल्क	२५०००००	४०५९०४५	१६२.३६

नगरपालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२२. **राजस्व लेखाङ्कनमा फरकः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धी व्यवस्था छ । ऐनको उक्त दफामा प्रचलित कानून बमोजिम प्राप्त सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिनमा र सो दिन सम्भव नभए सोको भोलि पल्ट जिम्मेवार व्यक्तिले तोकिएको ढाँचामा लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः

२२.१. कार्यालयले विभिन्न वडाहरु तथा केन्द्रमा राजस्व आम्दानी गर्न सफ्टवेयरको माध्यमबाट संकलन गर्ने गरेको र संकलित राजस्व शिर्षकगत आम्दानी गरी प्रतिवेदन तयार गर्दा राजस्व शाखाले देखाएको शिर्षकगत आम्दानी र शुत्रमा देखाइएको आम्दानीमा निम्नानुसार फरक देखिएको छ ।

राजस्व संकेत	शिर्षक	२०७७ आषाढ सम्म शुत्रमा देखाएको	२०७७ आषाढ सम्म राजस्व शाखाले देखाएको
घरवाहाल कर	११३२१	२२०६८८.९३	४८७३४३.५९
कृषि र पशु जन्यको व्यवसायीक कारोवार कर	११६३१	४५२८०	६१७२५
न्यायीक दस्तुर	१४२२१	५१६०	६३१७०
नक्सा पास दस्तुर	१४२४२	३८४४२६.५७	२९५४८३.८०
सिफारिस दस्तुर	१४२४३	२२०७०३६.१५	२८३८२९२.२०
व्यक्तिगत घटना दर्ता दस्तुर	१४२४४	२९५०३०	३७००६०
नाता प्रमाणित दस्तुर	१४२४५	२००१९५	१७२५५०

२२.२. कार्यालयले वडामार्फत संकलन गरेको राजस्व रकम वडा र केन्द्रले सोही दिनमा दाखिला नगरी लामो समय सम्म वडा सचिवहरुले राख्ने र संकलन गरेको अवधि र दाखिला गरेको अवधि दैनिक खडा नगरी एक मुष्ट आषाढ महिनामा मात्र रकम दाखिला गर्ने र कार्यालयले बुझिलिने गरेको समेत देखिएकोले ऐनको दफा २७(४) बमोजिम पुन अवधि यकिन गरी लाग्ने जरिवाना समेत असुल गर्नुपर्दछ । नमूना छनौट गरी परीक्षण गरिएकोमा ढिला दाखिलाको विवरण निम्नानुसार छ ।

केन्द्र तर्फ	आम्दानी भएको अवधि/महिना	रकम	दाखिला मिति	कैफियत
	२०७७ आषाढ	६१८२५	२०७७/४/१४	
		१४२८९६	२०७७/४/१४	
वडा नं. ४	२०७६/७/२६ देखि २०७७ बैशाख सम्म	२२२३९०	२०७७/१/२८ २०७६/१२/६ २०७६/१२/१८ २०७६/१०/१४ २०७६/११/२०	
वडा नं. ९	२०७६ फाल्गुन देखि २०७७/३/१५ सम्म	१८१३७२.७२	२०७७/३/१८ २०७७/३/१६	२०७७।३।१५ पछिको असुली विवरण समेत पेश नगरेको

स्थानीय तहको नामः *रंगेली नगरपालिका* आर्थिक वर्ष-२०७६/७७

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

वडा नं. ८	२०७६।११।१ देखि २०७७।३।३१ सम्म	३५०५१८.९५	२०७६/११/३० २०७६/१२/२० २०७७/३/१ २०७७/१/१ २०७७/२/१ २०७७/३/२१ २०७७/३/२८ २०७७/३/३१	
वडा नं. १	२०७६ फाल्गुन देखि आषाढ सम्म	२६०६०८	२०७७/३/३१	
वडा नं. २	२०७६ माघ १ देखि २०७७ आषाढ मसान्त सम्क	४२६२१५	२०७७/३/३१	
वडा नं. ५	२०७६।१०।१ देखि २०७७।३।३१	२९०९९७.६५	२०७७/३/३१ २०७७/३/१४	
वडा नं. ३		९०५३७	२०७७/३/३१	
वडा नं. ७	२०७६ श्रावण देखि २०७७ आषाढ सम्म	१०७३२७१	२०७६/१२/५ २०७६/१२/६ २०७६/५/३१ २०७६/११/१५ २०७६/१२/१० २०७७/३/३१	

२२.३. कार्यालयले २०७७।३।३१ मा आनन्द इट्टाभट्टा प्रा.लि. बाट प्राप्त रु.४०००००/- लाई विल नं. ७१८ बाट उक्त रकम आगन ब्रिक प्रा.लि.को नाममा जम्मा देखाएको छ । साथै रसिद नं. ७१५ बाट वर्डलिङ कम्युनिकेशन प्रा.लि.बाट प्राप्त घर वहाल कर दोहोरो आम्दानी देखाएको छ। उपरोक्तानुसारको अवस्थाले कार्यालयमा प्राप्त भएको राजस्व शिर्षकगत भिडान नगर्ने, ढिला दाखिला गरेकोमा जरिवाना असुल नगर्ने तथा दोहोरो दाखिला र अन्य नाममा दाखिला देखाएको अवस्थाले राजस्व आय दुरुस्त र यथार्थ मान्ने आधार देखिएन ।

- **आयकर एवं मू.अ.कर**

२३. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार रु. ७२११४६४/- असूली गर्दा नियमानुसार हुने रु. ९३७४९०.७१ मूल्य अभिवृद्धि कर रकम असुल गरेको छैन् ।

ठेकेदारको नाम	आय ठेक्काको विवरण	सम्झौता रकम	मुअकर छुट रकम
मोरङ कन्सट्रक्शन	खोला ठेक्का	४५०५६६३	५८५७३६.५८
दयानन्द यादव	दोहोमना बजार ठेक्का	२७०५८०१	३५१७५४.१३
	जम्मा	**७२११४६४**	**९३७४९०.७१**

यस्तो मूल्य अभिवृद्धि कर रकम असुल गरी संधीय संचितकोष दाखिला हुनुपर्ने रु. ९३७४९०.७१

- **उपभोक्ता समितिमार्फत कार्य**

२४. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर,

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
२५.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, निर्माण, विद्युत ट्रान्फर्मर स्थानतरण, सडक कालोपत्रे गर्ने कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।	
२६.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर नगरपालिकाले उक्त प्रक्रिया वेगर रु. ५७०३५२१/- (रंगेली अस्पताल समेत) का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
२६.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
२६.२.	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
२६.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
२६.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रबाट प्राप्त हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
२६.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
२६.६.	**औषधि खरिद तथा वितरण र ढुवानीः** कार्यालयले विभिन्न स्वास्थ्य चौको र अस्पतालको लागि आवश्यक औषधिहरु खरिद गर्दा दरभाउपत्र, वोलपत्र र सोझै प्रकृयाबाट गर्ने गरेको छ । औषधि खरिद कार्यमा भागलिने सप्लायर्सहरुले अस्वभाविक दररेट पेश गरी औषधि आपूर्तिको कार्य गर्ने गरेको पाइयो । नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार देखिएको छ ।	

औषधिको नाम	कबोल दर (पैसामा)
Amoxycilin 125mg	०.१०
Amoxycilin DT tab125mg	०.१०
Metroridazole tab 400mg	०.१०
Gentarycin 80mg	०.१०
Calmine lotim bott	०.१०

<table>
<tr><td colspan="3">स्थानीय तहको नामः रंगेली नगरपालिका   आर्थिक वर्ष-२०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>ORS</td><td>०.१०</td></tr>
<tr><td>Cloxacillin</td><td>०.१०</td></tr>
</table>
उपरोक्तानुसारको औषधिको सप्लाई ठेक्का पाउने सप्लायर्स काठमाडौंको रहेकोमा औषधिहरु खरिद गरी कार्यालयमा प्राप्त भईसकेपछी सम्झौता परिमाण, सप्लायर्सले बुझाएको परिमाण, औषधिको उपयोग म्याद, आदि भेरिफिकेशन गर्ने कार्य हुने गरेको पाइएन । अस्वभाविक दररेटबाट कबोल गरेको सबै परिमाणको औषधि उपलब्ध गराए नगराएको र औषधिको Expire date समेत भेरिफिकेशन खरिद समिति र सो कामसँग सम्बन्धित प्राविधिकबाट गराएर मात्र भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२६.७.</td><td>लागत अनुमान र खरिद मूल्यः सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद सम्बन्धी कार्य गर्दा सम्झौताको शर्त पुरा गरेर मात्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ६७ प्रकारका निशुल्क वितरण गरिने औषधि खरिद सम्बन्धी कार्य दरभाउपत्रको माध्यमबाट गर्ने गरी रु. १५००८५६/- को ल.ई. स्वीकृत गरी २०७६।८।१ मा कार्य प्रारम्भ गर्ने २०७६।९।२ मा सम्झौता घटीवाला न्यूटन फर्मा मेडिकल काठमाडौंको रु. ४७५९४८.५० (६८.२८ प्रतिशत घट) दरभाउपत्र स्वीकृत गरी सप्लायर्स कार्य गराएकोमा सप्लायर्सले सि.नं. २२ cxymetabline (200ph) सप्लाई नै नगरेकोमा उक्त औषधि पुरा नगरी भुक्तानी गरेको छ । सप्लायर्ससँग भएको सम्झौताको शर्त २.३ मा आवश्यक थप औषधिहरु स्वीकृत दररेट अनुसार २०७७ आषाढ सम्म खरिद गर्न सकिने व्यवस्था रहेको भएतापनि २०७६।१२।१९ मा ३० आइटमका औषधिहरु रु. ४८०२७१/- मा सो फर्मबाट सप्लाई गरेकोमा सो अवधि पछि आफूले पहिले कबोल गरेको दरमा औषधि दिन नसक्ने पत्राचार गरेको छ । कार्यालयले उक्त अवधि पछि औषधि खरिद गर्न ३ वटा फर्मबाट दररेट माग गर्दा न्यूटन फर्मा मेडिकलको दर समावेश गरेको छ । उक्त दर सो फर्मले कबोल गरेको दरभन्दा बढी देखिएको र ३ वटा मध्ये घटीवालासँग खरिद गर्ने निर्णय गरी डालिमा मेडिसिल्सबाट रु. ४८६६६०/- औषधि खरिद गरेको पाइयो । खरिद सम्झौताको शर्त अनुसार नगर्ने सप्लायर्सको दरलाई तुलनात्मक मूल्यमा समावेश गर्नाले डालिमा मेडिसेल्सबाट खरिद गर्दा बढी लागत परेकोले यस्तो खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा सोझै खरिद मार्फत रु.१८५५२०८७/- को खरिद गरेकोमा पटक पटक खरिद कार्य गर्दा स्वीकृत वार्षिक खरिद योजना वेगर गर्ने गरेको र खरिदको प्रकार र सप्लाई गर्ने फर्म तथा निर्माण व्यवसायीहरुको कामको अवधि सहित विवरण तयार नगरेकोले नियमावलीमा भएको व्यवस्थाको पुनः पालना भए नभएको यकिन गर्न नसकिएको सोझै खरिद गरेको रु.</td><td>१८५५२०८७/-</td></tr>
</table>

स्थानीय तहको नामः *रंगेली नगरपालिका* **आर्थिक वर्ष-२०७६/७७**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
२८.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत नगरपालिकाका ३ वडाहरुमा सरसफाई, पैनी संचालन, नहर सफाई कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १७२ जनालाई रोजगारी उपलव्ध गराई रु.१००९३४२/- खर्च गरेको छ । लक्षित वर्गलाई ३ दिनदेखि ७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	• **सामाजिक सुरक्षातर्फ**	
२९.	सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१३,१६,११,६२५/- प्राप्त भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको थप व्यहोराहरु:	
२९.१.	कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत गर्ने गरेको र आन्तरिक लेखापरीक्षणबाट निकासा बरावर खर्च प्रमाणित गरी रु.४९९५०००/- फिर्ता गर्नुपर्ने व्यहोराको बेरुजु सम्बन्धमा एकिन गर्न लेखापरीक्षणको क्रममा २०७७ असार मसान्त सम्मको बैंक स्टेटमेण्ट लगायत बैंकबाट प्राप्त Reverse Feed समेत माग गरिएकोमा पेश नभएकोले असार मसान्त सम्म बैंकमा निकासा पठाएको र लाभग्राहीलाई भुक्तानी गरी बाँकी रहेको रकम एकिन गर्न सकिएन ।	
२९.२.	**करार व्यवस्थापन :** विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा २०७६ पौष ७ गते राष्ट्रिय वाणिज्य बैंक, कर्सिया शाखासंग वडा नं १ र २, २०७६ पौष ४ गते सप्तकोशी डेभलप्मेण्ट बैंक, रंगेली शाखासंग वडा नं ४, ५ र ७ र सोही मितिमा सिर्जना फाईन्यान्स, लुम्विनी विकास बैंक, रंगेली शाखासंग वडा नं ३, ८ र ९ गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो ।	
२९.३.	**एम.आई.एस. विवरण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एस अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस विवरणको मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको,, नाम दोहोरो रहेको, समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको	

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>हुँदा नगरपालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.४.</td><td>वर्षान्तमा कारोवार सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५ को बुँदा नं १५(४) मा यस कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फ्रिज भई संघीय संचित कोषमा दाखिला हुने व्यवस्था छ । कार्यविधिको बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा नगरपालिकाले प्रथम चौमासिकको भत्ता असोज ७ गते, दोश्रो चौमासिकको भत्ता फाल्गुन १८ गते र तेश्रो चौमासिकको भत्ता २०७७ असार ९ गते बैंकमा निकासा गरेको देखिन्छ ।कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र दोश्रो र तेश्रो चौमासिकको रकम बैंकमा पठाएको देखिएन । कार्यालयबाट बैंकले सम्झौतामा तोकिएनुसारको ढाँचामा पठाउनुपर्ने लाभग्राहीको खातामा रकम जम्मा गरेको चौमासिगत विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले बैंकमा तोकिएको आ.व.मै सम्पुर्ण रकम सम्बन्धित लाभग्राहीको खातामा पठाए नपठाएको सम्बन्धमा एकिन गर्न सकिएन ।साथै बैंकले पठाएको मौज्दात विवरणमा उल्लेख गरेको पत्रको आधारमा मात्र संचित कोष फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्ने गरेको देखियो । बैंक संग हिसाब फर फारक गर्दा रिभर्स फिड/ बैंक स्टेटमेण्ट भिडान गरेरमात्र हिसाब मिलान गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.५.</td><td>कार्यविधिमा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको भत्ता सम्बन्धितको खातामा दाखिला गरेको चौमासिगत विवरण नगरपालिकालाई रुपमा उपलब्ध गराउनुपर्नेमा सो अनुसार बैंकबाट लिने गरेको पाईएन।बैंकले लाभग्राहीको खातामा रकम दाखिला गरेको बैक स्टेटमेण्टमात्र कार्यालयलाई उपलब्ध गराएको देखियो । उपलब्ध स्टेटमेण्टमा लाभग्राहीको खाता नं र नाम मात्र उल्लेख रहेको, बैंकको एउटै शाखाबाट एक भन्दा बढी वडा कार्यालयको भत्ता वितरण हुने गरेकोले भत्ता सम्बन्धित लाभग्राहीले पाए नपाएको एकिन गर्न सकिएन।साथै सामाजिक सुरक्षा कार्य सञ्चालन कार्यविधि २०७५को अनुसुची ८(१०) बमोजिम निष्कृय खाताहरुको विवरण तोकिएको समयमा पालिका तथा पञ्जिकरण विभागमा पठाउनुपर्नेमा सो समेत पठाएको देखिएन । नगरपालिकाबाट आ.व.२०७६/७७ मा विभिन्न कारणले तपसिलको संख्याको लाभग्राहीको लगत कट्टा गरीएको विवरण लेखापरीक्षणमा पेश गरिएकोमा सो लाभग्राहीहरुको खातामा पाउने रकम भन्दा बढी रकम निकासा भए नभएको एकिन गर्न सकिएन :-
<table>
<tr><th>वडा नं.</th><th>लगत कट्टाको कारण</th><th>संख्या</th></tr>
<tr><td rowspan="6">विभिन्न</td><td>बसाईसराई</td><td>२ जना</td></tr>
<tr><td>अन्य</td><td>७० जना</td></tr>
<tr><td>दलित पोषण पाउने वालवालिका ६० महिना पुरा भएकोमा</td><td>११४ जना</td></tr>
<tr><td>पेन्सन</td><td>१ जना</td></tr>
<tr><td>मृत्यु</td><td>१६७ जना</td></tr>
<tr><td>दोहोरो दर्ता</td><td>२१ जना</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९.६.</td><td>एम.आई.एस. विवरण र निकासा भिडान :- कार्यविधिको परिच्छेद ४ को बुँदा नं १५ मा प्रत्येक स्थानीय तहको वडा कार्यालयहरुले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी स्थानीय तहले चौमासिक।मासिक रुपमा सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा गर्नुपर्दछ।नगरपालिकाले आ.व. २०७६/७७ मा लाभग्राहीको लागि लुम्बिनी विकास बैंक रंगेलीमा रकम निकासा गर्दा प्रथम चौमासिकमा लाग्ने रकम भन्दा बढी रु.५८८,२००/- दिएकोमा रु.११२६००/- बढी निकासा</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	पठाएको बैंक हिसाबको विवरणबाट देखिएको छ । तेश्रो चौमासिकमा पहिलो र दोश्रो चौमासिकमा वितरण गरेको भन्दा रु.१९३६००/- बढी निकासा दिएकाले बैंकले उक्त रकम मध्ये रु.८००/- मात्र वचत देखाएको छ । पहिलो र दोश्रो चौमासिकमा भन्दा तेश्रोमा थप गरिएका लाभग्राहीको विवरण लेखापरीक्षणमा पेश नभएकोले कार्यालयमा रहेको र वडामा रहेको एम.आई.एस. भिडान गरेर मात्र रकम निकासा दिनुपर्दछ । तेश्रोमा थप निकासा पठाउनुपर्ने लाभग्राहीको संख्या र दर सहितको प्रमाण पेश हुनुपर्ने रु.	१९३६००/-
२९.७.	नगरपालिकाले प्रथम चौमासिकमा दलित बालबालिकालाई प्रति बालबालिका रु.१ हजारको दरले जन्मेको ३५ दिन भित्र जन्मदर्ता गरे बापत प्रोत्साहन भत्ता उपलब्ध गराउने गरी खरिदार श्री पशुपति लाल दासलाई रु.५००००/- उपलब्ध गराएको देखियो । सामाजिक सुरक्षा ऐन, २०७५ मिती २०७५।६।२ देखी लागु भएको र सो ऐनमा दलित बालबालिकालाई जन्मेको ३५ दिन भित्र जन्मदर्ता गराएबापत भत्ता पाउने व्यवस्था नरहेककोमा समेत निजले २१ जना दलितबालिकालाई जम्मा रु.२१०००/- रकम भत्ता स्वरुप वितरण गरेकको देखिएको रु...	२१०००/-
	• **ब.उ.शि.नं. ८०११३४०४१०३ (महिला विकास शाखा चालुतर्फ)**	
३०.	**बढी खर्च** :- भौ.नं. ५-२०७६/५/२९ अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समितिको पदाधिकारीहरुको बैठक भत्ता बापत प्रथम चौमासिकमा बसेको बैठकको भत्ता वितरण भरपाईमा १३ जना पदाधिकारीहरुलाई प्रति व्यक्ति रु.१०००/- को दरले खर्च लेखेकोमा १२ जना पदाधिकारीले मात्र भत्ता बुझेको देखिएकोमा सदस्य कविन्द्र कुमार कार्कीले भत्ता बुझेको नदेखिएकोले २ बैठक संख्याको कर कट्टी घटाई बढी खर्च लेखिएको रकम असुल गर्नुपर्ने देखिएको रु.	१७००/-
	• **ब.उ.शि.नं. ८०११३४०४५०२ (नगरपालिका पूंजिगत)**	
३१.	**घटी दायित्व सारी बढी भुक्तानी :-** भौ.नं.७-२०७६/५/९ नगरपालिकाले आ.व.२०७५/७६ को धिरेन्द्र मण्डलको घर देखि बुध मण्डलको खेत जाने बाटो निर्माण योजनाको कार्य गर्न सम्झौता गरी कार्य गराएको शहिद द्रोपति मार्ग (ख) रंगेली ६ उपभोक्ता समितिलाई रु.३०१४९८३/- को मात्र दायित्व सारेकोमा (म.ले.प. फारम नं.२२१(भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी) यो वर्ष उक्त कामको भुक्तानी गर्दा रु.३४५०२३७।९३ दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धमा पुन एकीन गरी बढी देखिएमा बढी भुक्तानी रकम असुल हुनुपर्दछ रु.	४३५२५४.९३
३२.	**ह्युम पाईप खरिद र मौज्दात :-** भौ.नं.८-२०७६/५/११ सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ ले मालसामान खरिद सम्झौताको बारेमा उल्लेख गरी अनुसुची ३(क) मा खास मालसामानको लागि खरिद गर्न सक्ने व्यवस्था गरेको छ ।अनुसुचीमा उल्लेख भएको सामानमा ह्युम पाईपलाई खास मालसामानमा उल्लेख गरेको पाईएन । तर कार्यालयले गत वर्ष बन्दोवस्त भएको ठेक्काबाट यो वर्ष विभिन्न साईजका ९५ थान ह्युम पाईप सप्लाई गरे बापत शंकर कन्क्रिट उद्योगलाई रु.१५९९०६३/- भुक्तानी गरेको पाईयो । ह्युम पाईपमात्र खरिद गर्ने ठेक्का स्वीकृत गर्दा खपत गरिने स्थान र योजना नखुलाई खरिद गरिएका उक्त पाईपहरु स्टोर दाखिला गरेको आधारमा भुक्तानी गरेकोले खरिद गरिएका ति पाईपहरु प्रयोग गरिने गरी योजना स्वीकृत गरेको समेत नदेखिएकोले उक्त साईजका पाईपहरु योजनामा खपत गरी कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१५९९०६३
३३.	**त्रुटिपूर्ण काम र अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण व्यवसायीबाट गराएको कामको त्रुटी सच्याउनने अवधि १ वर्ष रहने र सो अवधिमा काममा त्रुटी देखिएका निर्माण व्यवसायीले सुधार गर्नुपर्ने व्यवस्था छ । ठे.नं. १६/२०७६/७७ बाट आमतोला रंजनी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	सडक निर्माण कार्य गराई जगदम्बा विपिन नि.से.लाई भुक्तानी गरेकोमा उक्त सडकको कालोपत्रे भत्किएको, उस्केको लगायतको कैफियतहरु उल्लेख गरी कार्यालयका प्राविधिकहरबाट २०७७।६।२८ मा पेश गरेको निवेदनको आधारमा निर्माण व्यवसायीलाई पत्राचार गरेको पाइयो । निर्माण व्यवसायीले सुधार नगरे कट्टा गरिएको धरौटीबाट मर्मत सुधार गरिने व्यहोराको पत्राचार भएता पनि उक्त सडकमा औल्याइएको त्रुटिसुधार भएको प्रमाण पेश भएन ।	
३४.	**दायित्व नसारी भुक्तानी** :- भौ.नं.१५-२०७६/५/३१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा नगरसभाबाट पारित योजना र बजेटको परिधिमा रहि खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले एक घर एक चर्पी कार्यक्रम संचालन अन्तर्गत उपभोक्ता समितिलाई आ.व.२०७५/७६ मा शौचालय सामग्री निर्माण तथा वितरण कार्य गरेबापतको रकम उल्लेख गरी रु.२११३४३/- भुक्तानी दिएकोमा उक्त कामको दायित्व नगरसभाबाट पारित बजेटमा समावेश भएको नपाईएको रु.	२११३४३/-
३५.	**घटी अवधिको कार्य सम्पादन जमानत :-** भौ.नं.१७९-२०७६/१२/९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको अवधि मालसामान आपूर्तिको त्रुटी सच्याउने अवधि सम्मको हुनुपर्ने व्यवस्था छ । नगरपालिका र अन्नपूर्ण ईम्पेक्स, विराटनगर-८ बीच २०७६/९/९ मा २५ वाटको स्ट्रिट एल.ई.डी बत्ती सप्लाई गर्ने सम्झौता गर्दा पेश गरेको कार्य सम्पादन जमानत रु.१०५०००/- को नेपाल एस.बी.आई बैंक लि., विराटनगर शाखा (१८५१९बिजि००४८५) को म्याद माघ ८ २०७७ मात्र रहेको पाईयो । तर सम्झौताको विशेष शर्तको बुँदा नं.२७.३मा आपूर्तकले सप्लाई गरेको सामानको वारेण्टी २४ महिनाको दिनुपर्ने भनी उल्लेख गरिएको छ । आपूर्तकले सम्झौतामा तोकिएको सामानहरु २०७६ फागुन २८ मा सप्लाई गरेको देखियो ।सामान सप्लाई कार्य सम्पन्न गरेको मितिबाट विशेष शर्तमा तोकिएको समयावधि सम्म त्रुटी सच्याउने अवधि सम्म खाम्ने कार्यसम्पादन जमानत प्रमाण पेश गर्नुपर्नेमा नगरेकोले कार्यसम्पादन जमानतको म्यादथप गरेको प्रमाण पेश हुनुपर्ने रु.	१०५०००/-
३६.	**त्रुटीपूर्ण करविजक** :- मु.अ.कर नियमावली २०५३ बमोजिम करमा दर्ता भएका विक्रेताले सिलसिलेवार नम्बर सहित प्रिन्टेड कर विजक खरिद कर्तालाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका कार्य गराई भुक्तानी गर्दा पेश भएका कर विजकमा देहायनुसार कैफियत देखिएकोले उक्त कर रकम सम्बन्धित महिनामा समावेश गरी मू.अ. कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.	१४०१८९/-

भौ.नं./ मिति	योजनाको नाम	भुक्तानी लिने (बिजक नं. र मिति)	६.५% मु.अ.कर रकम	कैफियत
२२८-०७७/२/८	सुकुना र धैति खोलामा ३ मिटरको आर.सि.सि कल्भर्ट निर्माण	जगदम्बा विपिन निर्माण सेवा, बिजक नं.१९, ०७७/२/२० प्यान नं.६०७५४८८८८	११२८६६	कर बिजकमा ठेक्का नं. ९-०७६/७७ उल्लेख गर्नुपर्नेमा ७-०७६/७७
२६१-०७७/३/३	दर्वेशा चोकमा ग्रानाईट लगाउने कार्य	मेची कन्सट्रक्सन प्यान नं ६०४३७१८९४	२७३२३	विजक नं. ०१९ लाई मेटेर ०२० कायम गरिएको
		जम्मा	१४०१८९	

३६.१.	हनुमान मन्दिर निर्माणमा झ्याल मर्मत लगायतको काम गरे बापत हनुमान मन्दिर उपभोक्ता समिति रंगेली ४ लाई सम्झौता अनुसार रु.४२३२७६/- भुक्तानी दिनुपर्नेमा रु.४४६८४२/-	

स्थानीय तहको नामः ***रंगेली नगरपालिका*** **आर्थिक वर्ष-२०७६/७७**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम रु.२३५६६/- असुल गर्नुपर्ने रु.	२३५६६/-
३६.२.	धिमधिमे वरपिपल उत्तर भेडी बथान उपभोक्ता समितिलाई तोकिएको कार्य गरेबापत सम्झौतानुसार रु.१३५०७६७/- भुक्तानी दिनुपर्नेमा रु.१३५३३७६/- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम रु.२६०९/- असुल गर्नुपर्ने रु.	२६०९/-
३६.३.	महेन्द्र ऋषिदेवको घर देखि गुल्टेन सरदारको घरसम्मको बाटो निर्माण उपभोक्ता समितिलाई तोकिएको कार्य सम्पन्न गरेबापत योजना शाखा र अनुगमन समितिको सिफारिस अनुसार सुचना पाटी टाँस बापतको रकम रु.२५००/- कट्टा गरी भुक्तानी हुन सिफारिश गरिएकोमा सुचना पाटी बापतको रकम समेत भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रकम रु.२५००/- असुल गर्नुपर्ने रु.	२५००/-
३६.४.	अन्नपूर्ण ईम्पेक्स, विराटनगरबाट खरिद गरिएको २३० थान सडक बत्ति प्रति बत्ती रु.१९००/- का दरले हुन आउने रु.४९३८१०/-(मु.अ.कर समेत) भुक्तानीमा उक्त पार्टीलाई रु.५०२१०९/- खर्च लेखिएकोमा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.	८२९९/-
३७.	**कार्यक्रम स्वीकृति बेगर खर्च** :- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रममा रही खर्च गर्नुपर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकाले आ.व.२०७६/७७ को नगरसभाबाट स्वीकृत योजनाहरु बाहेक तपसिलको योजनाहरुमा समेत (नमुना छनोट गरी परीक्षण गरिएको) खर्च लेखेको रकम नियमित नदेखिएको रु.	६३५३९५/-

भौ.नं. मिति	सम्पन्न कार्य	खर्च लेखिएको योजना	भुक्तानी पाउने	रकम
२७२-२०७७/३/८	ईलाका प्रहरी कार्यालय रंगेलीको हावा महलको छाना मर्मत	रत्न मा.वि. रञ्जनी -हटिया कालोपत्रे	अञ्जली ट्रेडर्स, सोराभागा	३००००
२७३-२०७७/३/८	वडा नं ४ चोप्राहा स्थित मोटिया खोलाको छेउमा रहेको सडकमा माटोको काम	मनोज ठेकेदारको घर पश्चिम लक्ष्मी मण्डलको पुरानो घर सम्म जाने बाटो निर्माण कार्य	विरेन्द्र दास चौधरी	१९४२५
२७५-२०७७/३/११	पण्डितको घर पूर्व हडाङथान सम्म सडक मर्मत	दोहमना स्थित टंक भट्टराईको घर देखि पूर्व नयाँ कलभर्टसम्म बाटो मर्मत	पण्डितको घर पूर्व हडाङथान सम्म सडक मर्मत उ.स.	९६४३०
२८१-२०७७/३/११	जिम सामग्री खरिद गरि वितरण	रंगेली युवा क्लबको लागि व्यायमशाला निर्माण	Sky Fitness Pvt. Ltd Dharan 9	४८९५४०
२९०-२०७७/३/१४	ट्रयाक्टरबाट डागा टोल सम्म ग्राभेल ढुवानी	रंगेली ५ को सिया देखि दक्षिण धनापट्टी बोर्डर सम्म	सन्तोष कुमार मण्डल	६९०३८
३०३-२०७७/३/२४	प्लाष्टिक पाईप लगायत सप्लाई	न.पा. कम्पाउण्ड वाल सहित सटर निर्माण	मनोज सप्लायर्स	४६०९९
			जम्मा	**६३५३९५**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
३८.	**योजना अनुगमन बेगर भुक्तानी** :- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहबाट गरिएका कामको अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले योजनाको रकम भुक्तानी गर्नु अघि अधिकांश योजनाको अनुगमन गरेको भएता पनि लेखापरीक्षणको क्रममा निम्नानुसारको योजनामा अनुगमन बेगरनै अन्तिम बिल समेत भुक्तानी गरेको पाईयो ।	

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	भुक्तानी रकम
३२७-२०७७/३/३०	यज्ञ बहादुरको घर देखि चेका खोला सम्म करिव ३५० मी. कृषि सडक	५१८८३४।३०	४७५९३
		जम्मा	**४७९४३**

ऐनले तोकिएको व्यवस्था बमोजिम अनुगमन गरेरमात्र भुक्तानी गर्नु पर्दछ ।

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
३९.	**कामको नापजाँच र विल स्वीकृति :-** कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गरी काम गरी सकेपछी सम्झौता अनुसारको काम र पुरा गरेको परिमाण सहित नापी किताब र रनिङ बिल तयार गरी प्रमाणित गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष नमुना छनौट गरी परीक्षण गरिएका मध्ये निम्नानुसारका उपभोक्ता समितिलाई रु. १८५९१४८५/- भुक्तानी गर्दा कामको बिल तथा नापी किताबमा सम्बन्धित उपभोक्ता समितिले प्रमाणित गरेको देखिएन ।	

भौ.नं. मिति	योजनाको नाम	सम्झौता रकम	भुक्तानी रकम
३-२०७६/५/६	मालपोत कार्यालय अगाडि देखि मुरारी सोनीको पसल सडक स्तरोन्नति	९०३५५९४	२१५९९६९
५-२०७६/५/९	सडक ग्राभेल तथा स्तरोन्नति रंगेली ४	३१५४७३२	२९४२९४६
६-२०७६/५/९	पक्की नाला सहित कालोपत्रे कार्य, हुलाकी मार्गको गणेश मा.वि. देखि रामकुमार मण्डलको घर सम्म जाने सडक	४८९६१२६	३१११६८५
७-२०७६/५/९	पक्की नाला सहित कालोपत्रे गर्ने कार्य धिरेन्द्र मण्डलको घर देखि बुध मण्डलको घर खेत जाने	५४७२६८५	३४५०२३७
२०७६/५/३१	पि.सि.सि रिङ्ग सप्लाई कभर सहित	५८०७५५	२११३४३
१७५-२०७६/१२/३	गणेश मा.वि. फिल्ड घेराबारा, रंगेली ४	५१५६९३।७३	२८४१३२
२२२-२०७७/२/७	दर्वेशा धनपालथान मन्दिर उत्तरबाट पश्चिमतर्फ	११८२१०।९६	१०००००
२४७-२०७७/२/२०	निशानथान शिव पंचायन मन्दिर निर्माण, रंगेली ३	४१३२३४।७३	३९९९५१
२४८-२०७७/२/२१	बैदामारी टोलको उत्तर दक्षिण सडक, रंगेली ८	३५०४५५।९५	१८९४७३
२६०-२०७७/३/२	ओलि टोल देखि काजिमान थोक रोड ग्राभेलिङ, रंगेली ३	६९२२०६	५९८४९०
२६३-२०७७/३/३	सडक तथा पोखरी मर्मत, रंगेली ९	२०६५६०।१७	१९५१९९
२७७-२०७७/३/११	सुकुम्बासी व्यवस्थापनको लागि गुल्ली पोखरी पुर्नको लागि मधुवनि	१०९५३३२	९४९९२७
२७८-२०७७/३/११	ग्राम देवता मन्दिर निर्माण	५१५७७९।४८	३३२२३०
२७९-२०७७/३/१२	मलङवावा मन्दिर	६१८९४८।०६	१४१६६७
२९८-२०७७/३/२२	सिक्कमलालको पसल देखि दक्षिण हुँदै वोर्डर जाने सडक निर्माण कार्य	७२०६५०८।४८	२८४१३५२
३०४-२०७७/३/२४	मान बहादुर तामाङ घर उत्तर बेलवारी सिमाना सम्म सडक ग्राभेल	११५३१५४।५०	४८८३४०
३०५-२०७७/३/२४	मधुवनी उत्तर टोल ग्रामथान मन्दिर व्यवस्थापन	२०६३११।०४	१९४५४४
		जम्मा	१८५९१४८५

४०.	**योजना रकमबाट मालसामान खरिद र मौज्दातः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा योजना बनाई कार्यान्वियन गर्ने व्यवस्था रहेको छ । ऐनको दफा २४(७) मा योजना संचालन गर्दा तोकिएको कार्यान्वयन पुरा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडा नं. १, ३, ६, ९ मा सानासिँचाई कार्यक्रम संचालन गर्ने गरी स्वीकृत भएको योजनाको बजेटबाट पैनी निर्माण र वोरीङ खरिद कार्य गर्न २०७६।१२।९ देखि ठेक्का कार्यको शुरुवात गरी सो कार्य गर्न २०७७।३।३। मा मात्र सप्लायर्ससँग ९२ थान पि.भि.सि वोरीङ (पाइप सेट समेत) खरिद गरी रु. ३८९९५३९/- भुक्तानी गरेको पाइयो । खरिद गरिएका वोरीङ सेट यो वर्ष सम्म सम्बन्धित वडाहरुमा जडान र वितरण नगरी मौज्दातमै हरेकोले स्वीकृत गरिएका योजनाका उपभोक्ताहरुले उक्त वोरिङहरुको लागत सहभागिता व्यहोरी कार्य सम्पन्न भएको र तोकिए बमोजिम योजना	

<table>
<tr><th colspan="3">स्थानीय तहको नामः रंगेली नगरपालिका आर्थिक वर्ष-२०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>संचालन भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>३८९९५३९/-</td></tr>
<tr><td>४१.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजनाको बजेटबाट डि.डब्लु.सि पाईप खरिद कार्य गर्ने गरी नगरपालिका मर्मत संभार कोषबाट वडा नं. १,२,७ को योजनाको ह्यूम पाइप खरिद समेतको बजेटबाट उक्त पि.भि.सि. पाइप खरिद कार्यको रु.५२७६५३५/- को ल.ई. स्वीकृत गरी २०७६।१२।३० मा वोलपत्र आह्वान गरेकोमा एकमात्र वोलपत्र परेको देखाई सो कार्य गर्न रु. ४३१७८२०.४० (मू.अ. कर बाहेक) को हिलटेक प्लाष्टीक एण्ड पाइप इस्टिमेटको वोलपत्र स्वीकृत गरेकोमा वोलपत्रदाताले ई. विडीङ मार्फत पाइपको स्पेसिफिकेशन समावेश गरेको पाइएन । कार्यालयले समेत स्पेसिफिकेशन पेश नगरेको वोलपत्रदातालाई स्पेसिफिकेशन माग नगरी वोलपत्र स्वीकृत गरेको देखियो । स्पेसिफिकेशन वेगर खरिद गरिएका उक्त पाइपहरु सम्बन्धित योजना तथा कार्यमा जडान भै कार्य सम्पन्न भएको प्रमाण समेत समावेश नभएकोले खरिद गरिएका पाइप सम्बन्धित योजना जडान र खपत भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>२०७७।२।३० को खरिद</th><th>२०७७।२।२८ को खरिद</th></tr>
<tr><td>१ Q १६८ RM</td><td>११४m</td></tr>
<tr><td>०.६०Q १६४ RM</td><td>४२m</td></tr>
<tr><td>०.५०Q ४० RM</td><td></td></tr>
</table>
</td><td>४३२६८५६/-</td></tr>
<tr><td>४२.</td><td>कार्य परिमाण वेगर निमार्ण सामाग्रीको ठेक्काः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) मा सार्वजनिक निकायले खरिद सम्झौता गर्दा अनुसूची-३ मा उल्लेखित सम्झौता मध्ये कुनै एक सम्झौता गरी खरिद गर्न सक्ने व्यवस्था छ । अनुसूची ३ को (क) मा खास मालसामानको आपूर्ती गर्ने गरी खरिद सम्झौता गर्न सकिने भएतापनी सडकमा विछ्याउने वा मर्मत संभार कार्यको लागि ग्राभेल खरिद गर्ने सम्झौतालाई खास मालसामानमा उल्लेख गरेको पाइएन । नगरपालिकाले पूँजीगत बजेटबाट विभिन्न वडाहरुमा ग्राभेल उपलब्ध गराउन नदीबाट ग्राभेल र खरिद गरिएको ग्राभेललाई Compaction गर्ने कार्यकोलागि रोलर मात्र ठेक्कामा लिन निम्नानुसार ठेक्का बन्दोवस्त गरेको पाइयो ।
<table>
<tr><th>मालसामान/</th><th>ल.ई. दर</th><th>सम्झौता दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>ग्राभेल सप्लाई ढुवानी</td><td>१८२०/०६ प्रति घ.मी</td><td>१०८०</td><td>१४११९०८</td></tr>
<tr><td>वेस कोर्स ढुवानी</td><td>३११२/२६ प्रति घ.मी.</td><td>१५९४</td><td>५३९०१.५१</td></tr>
<tr><td>रोलर गर्ने कार्य</td><td>२९/९५ प्रति घण्टा</td><td>१७९२०५ प्रति कि.मी.</td><td>६०१७७४९</td></tr>
</table>
२०७६।६।३ मा ग्राभेल खरिद कार्यको दरको वोलपत्र आव्हान भई सबै भन्दा घटी दर कबोल गर्ने सयपत्री मल्टि प्रपोज प्रा.लि.को रु.९४४/- प्रति घ.मी. को दर स्वीकृत गरी सम्झौताको लागि सूचना गरेकोमा उक्त फर्मले सो दरमा सप्लाई गर्न नसक्ने जानकारी गराएको आधारमा निजले राखेको वोलपत्र धरौटी रकम रु.५००००/- जफत गरी सोही दिन दोश्रो घटीवाला मोरङ कन्ट्रक्सनलाई सम्झौता गर्न पत्राचार गरी २०७६।७।२२ मा रु.१०००००/- कार्य सम्पादन जमानत लिई दोश्रो घटीवालाको रु.१०८०/- को दरमा सम्झौता गर्दा कामको परिमाण नखुलाई दर मात्र सम्झौता गरेको देखियो ।</td><td></td></tr>
<tr><td>४२.१.</td><td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिम ठेक्कामा भाग लिई स्वीकृत वोलपत्रदाताले सम्झौता गर्न नआएमा सो वोलपत्रदातालाई कालो सूचीमा समेत राख्ने नियमावली २०६४ बमोजिम सिफारिस गर्नुपर्ने र कालो सूचीमा रहेको अवधि भर सार्वजनिक खरिद कारवाहीमा भाग</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	लिन नपाउने व्यवस्था रहेको भएतापनि Subbase सप्लाईको कार्य गर्न सयपत्री मल्टीप्रपोजको दर कम रहेको देखाई २०७६।७।१५ मै निजको दर स्वीकृत गरी रु. १०००००/- को बैंक जमानत लिई सम्झौता गरेको पाइयो ।	
४२.२.	ग्रेडर, रोलर भाडाको लागत अनुमान जिल्ला दररेट अनुसार प्रति घण्टाको दरबाट गर्नुपर्नेमा किलो मिटरको दरबाट गरी रु. १०२४२२०५/- लागत अनुमान स्वीकृत गरेकोमा खरिद सम्झौता गर्दा नियमानुसार कार्य सम्पन्न जमानत घटी लिएको तथा दर प्रति कि.मी.को दरबाट पेल्ने कार्य गर्दै भुक्तानी चालु गरेको यी ठेक्काहरुबाट वडा नं. ३ का कुनै सडकमा ग्राभेल पुऱ्याएको पाइएन। नमूना छनौट गरी परिक्षण गरिएकोमा २०७६।११।१ बाट सडकहरुमा ग्राभेल विछ्याउने कार्य थालनी गरी २०७७।३।१२ सम्म यो कार्य गराई भुक्तानी गरिएको र कोभिड-१९ को कारण सम्पूर्ण लकडाउन भएको अवधि (२०७७।२।९) मा समेत वडा नं. ५ र ६ का ६ वटा वडा सडकमा ग्राभेलको रु. २९३०४८५.५० भुक्तानी गरेको पाइयो । ग्राभेल खरिदको कार्य र विछ्याउने कार्यमा ४८ सडकमा रु. १६१७२२९०.१९ खर्च भएको समेत देखिएको छ ।	
४३.	**कामको अवस्था र भुक्तानीः** स्थानीय सरकार संचालन ऐन २०७४ मा नगर सभाबाट स्वीकृत योजनामा छुट्याइएको रकमबाट कार्य गराउदा प्रचलित कानुनको व्यवस्था अनुसार कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाले सखरदिन वेलवारी सिमाना सडक योजनामा रु. ५० लाख विनियोजन भएको आधारमा कार्य गराउन ७ वटा कामको आइटम समेत राखी रु. ५००९४९७/- को लागत अनुमानस्वीकृत गरेको छ । सो योजनाको ल.ई. भित्र ग्राभेल ३२१९ घ.मी. रहेकोमा उक्त ग्राभेल सप्लाई कार्य मोरङ कन्ट्रक्शन (दररेट स्वीकृत सप्लायर्स) बाट गराई २२५० घ.मी. को रु. २७४५६००/- को प्रथम रनिङ विल तयार गरी भुक्तानी गरेको पाइयो । सो योजनाका अन्य आइटम तर्फको कार्य नभएको र उक्त ग्राभेल विच्छाएको सडकमा रोलर समेत लगाएको (रोलर भाडा सम्झौता) नपाइएकोले सडकका अन्य आइटमको कार्य नगराउने तर छुट्टै योजना भित्र ग्राभेल सप्लाई मात्र गराई भुक्तानी गरेको, योजनाको रकमबाट भुक्तानी नगरी मर्मत संभार कोषबाट खरिद गरिएको ग्राभेल योजनामा लगाएको र मर्मत संभार कोष तर्फको रकमबाट भुक्तानी गरेकोले योजनामा छुट्याइएको कामको सम्झौता भएपछि सोही शिर्षकबाट खर्च गर्नुपर्नेमा मर्मत संभार तर्फबाट खर्च गरेको रु.	२७४५६००/-
४४.	कार्यालयले ग्राभेल विच्छाई सकेपछि रोलर गर्ने कामको लागि छुट्टै ठेक्का पट्टा गरेकोमा मर्मत संभार कोष तर्फबाट तुलसा कन्ट्रक्शनलाई ग्रेडर र ब्याकहोबाट बाटो मिलाउने कार्यको भुक्तानी गर्दा विभिन्न सडकमा ग्राभेलिङ कार्य र अफिस कम्पाउण्ड लेभलिङ कार्य समेतको आइटम एकै विलमा समावेश गरी भुक्तानी गरेकोले ग्रेडरले सडकमा गरेको कामको परिमाण नखुल्ने तथा सडकमा ग्रेडर गर्ने कार्य छुट्टै ठेक्काबाट समेत संचालन भएकोले एकै कार्यमा दोहोरोपना भए नभएको यकिन गर्न सकिएन रु.	४१५१९०/-
४५.	**उपभोक्ता समितिबाट कालोपत्रे कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराउन सकिने कार्य सम्बन्धमा व्यवस्था रहेको छ । कार्यालयले २०७५।७६ मा स्वीकृत वडा नं.४ सिकिमलाल घर देखि दक्षिण वोर्डर सम्मको योजनाको २०७६।५।२ को बैठकको निर्णयबाट म्याद थप गरी यो वर्ष कार्य गराई भुक्तानी गरेकोमा देखिएका व्यहोराहरुः • सडक कालोपत्रे गराउने कार्य गर्दा स्वीकृत आइटममा रहेको विजुली पोल हटाउने कार्य नै नगरी कार्यको अन्तिम विल भुक्तानी भएको • सडक निर्माण सम्बन्धी कार्य गराउदा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा कार्य	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	गराई भुक्तानी गर्नुपर्नेमा इष्टिमेट बमोजिम ५१२ मी. लम्वाईको यो सडक खण्डमा ५१.६० मी क्षेत्रम मात्र साइड ड्रेनको कार्य गरी कालोपत्र (पिच) को कामको भुक्तानी गरेको • सब ग्रेड तयारी ५१२ मिटर गरेकोमा बेस, सब-बेस कोर्स लगायतका पीचको अन्य आइटम ५५० मी. लम्वाईबाट गणना गरी भुक्तानी गरेको • सडकको चौडाई डिजायनमा ५।५ मी रहेकोमा बेस कोर्स सर्फेस तयारी कार्य ६ मी बाट गणना गरेको प्राईक कोट, ट्याक कोट र प्रिमिक्स कार्पेट सबै आइटमको चौडाई गणना गर्दा ५.५ मी बाटै गरी विल तयार गरी भुक्तानी गरेको प्रिमिक्स कार्पेट को चौडाई ०.०४ मि.मि.बाट गणना गरी भुक्तानी गरेकोमा कोर कटर को परीक्षण प्रमाण समावेश नभएको • प्रथम रनिङ विलबाट रु.३९९९५०७.९५ भुक्तानी भई सकेकोमा दोश्रो तथा अन्तिम विलमा सो रकम अल्या गर्दा रु.३९९७३२०/- मात्र देखाएकोले बढी भुक्तानी दिएको रु.२१८७.८४ असुल हुनुपर्ने रु.. • यो सडकको कालोपत्रे सम्बन्धि कार्य उपभोक्ता समितिबाट गराई रु. १२७७५३.११ भुक्तानी गरेकोमा तोकिएको स्टाण्डर्ड र आधारमा कार्य भएको मान्ने आधार नदेखिएको रु..............	२१८७.८४ १२७७५३.११
	• **प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फः**	
४६.	**ड्रइङ डिजायन स्वीकृती वेगरको कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमानको व्यवस्था छ । भवन तथा अन्य संरचना निर्माणको लागत अनुमान तयार गर्दा स्वीकृत ड्रइङ डिजायनको आधारमा कामको परिमाण गणना गरी लागत अनुमान तयारी भई स्वीकृत गर्नुपर्नेमा रत्न मा.वि. रंगेलीमा ल्याव भवन निर्माण कार्यको लागत अनुमान स्वीकृती गर्दा विभिन्न आइटमको कामको परिमाण मात्रको आधारमा रु. १८७५०००/- को ल.ई. स्वीकृत गरेको पाइयो । स्वीकृत ल.ई. मध्ये शिक्षा शर्शतबाट रु. १५०००००/- र बाँकी उपभोक्ता समितिको श्रमदान उल्लेख गरिएको छ । विद्यालय क्षेत्र भित्र निर्माण गरिने ल्याव भवन बनाउन विद्यालय व्यवस्थापन समिति बाहेकको निर्माण उपभोक्ता समिति गठन गरी सम्झौता गरेको देखियो । समितिसँग २०७६।१२।१९ मा सम्झौता गरेको र समितिले २०७७।२।१७ देखि २०७७ आषाढ सम्मका विभिन्न निर्माण सामाग्री तथा मष्टरोल खरिद समेतका विल समावेश गरी कार्यालयले कामको परिमाणको आधारमा फाइनल विल तयार गरी रु. १५०००००/- भुक्तानी गरेको पाइयो । सम्झौताको शर्त अनुसार समितिले सामाजिक लेखापरीक्षण, हिसाव सार्वजनिक तथा विद्यालय व्यवस्थापन समतिलाई भवन हस्तान्तरण गरेको समेत नपाइएकोले विद्यालयको आवश्यकता र तोकिएको ल्यावको डिजायन अनुसार कार्य गरे नगरेको यकिन गर्न सकिएन ।	
४७.	**विद्यालय भवन मर्मत संभारको स्थिती:** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम मर्मत संभार सम्बन्धी कार्य गराउनु अघि कामको विवरण तयार गरी साही आधारमा ल.ई. तयार गर्नुपर्नेमा महालक्ष्मी मा.वि. दर्वेशामा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट योजना छनौट भई आएको आधारमा नगरपालिकाले उक्त विद्यालयमा गरिने कामको लागत अनुमान तयार गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय, काम गराउनु अघि मर्मत गर्नुपर्ने स्थान, कामको विवरण र विद्यालयको सिफारिस पत्र समेत समावेश नगरी न.पा.का. प्राविधिकबाट लगत अनुमान तयार गरी ठेक्कापट्टाबाट कार्य गराई रु. १३७१४५७.३६ भुक्तानी गरेकोमा काम सम्पन्न भएको सिफारिस समेत विद्यालयबाट समावेश नगरेकोले कामको आवश्यकता, निमार्ण व्यवसायीले तोकिए बमोजिमका सबै कार्य पुरा गरे नगरेको यकिन गर्ने अवस्था देखिएन ।	

<table>
<tr><td colspan="3">स्थानीय तहको नामः रंगेली नगरपालिका आर्थिक वर्ष-२०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८.</td><td>उपभोक्ता सहभागिताः स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहले आवश्यकता अनुसार कानून बनाई लागु गर्न सक्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको उपभोक्ता गठन तथा परिचालन सम्बन्धी नमूना कानून ढाँचा समेत तोकिदिएकोमा नगरपालिकाले हासम्म स्थानीय तहको उपभोक्ता गठन परिचालन सम्बन्धी कानून बनाई पारित गरेको पाइएन । तर नगरपालिका भित्र संचालन गरिने विभिन्न निर्माण कार्यहरुमा जनसहभागिता वापत १५ प्रतिशत अंश लिई कार्य गराउदै आएकोमा कार्यपालिकाको २०७५।८।९ को निर्णय नं. १ बाट जनसहभागितामा सिमेन्ट, रड, गिटी, वालुवा तर्फको काममा ५ प्रतिशत मात्र र अन्य कामको आइटममा १५ प्रतिशत हुने निर्णय गरेको पाइयो । आयोजना कार्यक्रम संचालन गर्न कूल लागत अनुमान छुट्याई सम्झौता गरिसकेपछि पुन काम गरई नापजाँच गरि भुक्तानी गर्दा कमपिच्छे जनसहभागिता फरक फरक गरी गणना गर्नाले कतिपय उपभोक्ता समितिको काममा स्टक्चर तर्फका काम गर्ने अन्य खन्ने पुर्ने लागतका श्रममूलक कामै नगरी छाडिएको अवस्था देखिएकोले उपभोक्ताको हिस्सेदारीबाट योजनाको काम गराउने सार्वजनिक खरिद ऐन २०६३ र नियमवली २०६४ का व्यवस्थाहरु पूर्व पालना भएको मान्ने आधार देखिएन । नगर क्षेत्र भित्रका काम उपभोक्ता समितिबाट गराउने सम्बन्धमा कानूनमा व्यवस्था गरि मात्र सहभागिता तोकिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>गत वर्षको योजनाको भुक्तानीः स्थानीय सरकार संचालन ऐन २०७४ मा नगरसभाबाट पारित बजेट र कार्यक्रमको सीमा भित्र रहेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं. ४ मा मनोज ठेकेदारको घर देखी लक्ष्मी शरणको घर जाने बाटो योजनामा २०७५।७६ मा रु. ३०००००/- बजेट रहेकोमा उक्त सडकमा ग्राभेल विच्छाउने कार्य उपभोक्ता समितिबाट गराउन २०७५।१२।११ मा सम्झौता गरी २०७६।२।१५ सम्म अवधि तोकिएको छ । तोकिएको अवधिमा कार्य नगरी २०७६।३।३० सम्म म्याद थप भएको योजनाको २०७६।३।२८ मै अनुगमन समितिले कामको अनुगमन गरेको प्रतिवेदन समवेश गरेको पाइयो । कार्यालयबाट २०७६।३।३० मै भुक्तानी गर्ने टिप्पणी स्वीकृत गरेको छ । चौथो नगर सभामा योजनाको दायित्व नसारीएकोमा रु. २९४२९४६/- भुक्तानी गर्दा कामको कार्य सम्पन्न तयार गरी स्वीकृत नगरिएको, नापी किताव र विलमा उपभोक्ता समितिले प्रमाणित नगरेको, लागत अनुमानमा Embankment तयारी गर्दा २०० मी टाढाबाट माटो ल्याएर ५२२ घ.मी. को कार्य गर्न आइटम रहेकोमा छुट्टै आइटममा टेक्टरबाट माटो भर्ने कामको समेत आइटम समावेश गरी उक्त आइटमको दर जिल्लादर मेशिनको आधारमा प्रति घ.मी. ४०९.७९ का दरले सम्झौता गरेको छ । भुक्तानी साथ संलग्न विल बमोजिम माटोको काम निम्नानुसार भएको छ ।
<table>
<tr><th>माटोको काम</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>४५२.७७ घ.मी.</td><td>७०</td><td>३१६७३.६०</td></tr>
<tr><td>३४.९२ घ.मी.</td><td>४०९.७९</td><td>१३११००.०२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६२७७३.६२</td></tr>
</table>
उपरोक्तानुसार एकै कार्यको २ दरबाट माटोको कामको विल तयार गरेकोले उपभोक्ता समितिलाई मेशिन दर बाट कार्य गराई भुक्तानी गरेको सम्बन्धमा पुन यकिन गरी बढी भुक्तानी भएमा असुल हुनुपर्दछ रु.</td><td>१६२७७३.६२</td></tr>
<tr><td>५०.</td><td>योजना स्वीकृती वेगरको खर्चः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ बमोजिम नगरक्षेत्रभित्र निमार्ण हुने घर तथा अन्य संरचनाहरु नक्सा पारित गराएर मात्र निर्माण कार्य गराउनु पर्ने, तोकीएको सीमा भन्दा बढीको योजनाको ड्राइङ डिजायन र लागत अनुमान (डीपीआर) स्वीकृत गराएर योजना लागत स्वीकृत गर्ने व्यवस्था छ । कार्यालयले तिरुपति बालाजी मन्दिरको</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	ड्रइङ डिजायन लागत अनुमान स्वीकृत गरेको पाइएन। गत विगत वर्ष देखि निर्माण कार्य गर्दै आएको यो मन्दिर निर्माणमा विभिन्न निकाय, प्रदेश सांसह पूर्वाधार विकास कार्यक्रमबाट यो वर्ष रु. १५ लाख र नगरपालिका पूजीगत बजेटबाट रु. ५ लाख समेत रु. २० लाखको कार्य गर्न ७ आइटमको रु. २४९९२४/- को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिको रु. ४९९९८४/- श्रमदान घटाई बाँकी रु. १९९९९३९/- खर्च भएको छ । कामको ड्रइङ डिजायनबाट कायम भएको कार्य परिमाण र लागत अनुमान स्वीकृती वेगर जे जति रकम प्राप्त हुन्छ सोही आधारमा विभिन्न आइटमको काम गर्दौ भुक्तानी गर्नाले कामको दोहोरोपना भए नभएको खुद गर्नुपर्ने काम स्थान र परिमाण नछुट्टीएको निर्माणमा कति लगानी गर्ने निश्चित नभई गरिएको यस्तो खर्च सम्बन्धमा यकिन गर्न सक्ने अवस्था देखिएन ।	
	• **विशेष अनुदानतर्फः**	
५१.	**लागत सहभागिता घटीः** नगरपालिकाको निर्णय अनुसार नगरपालिका भित्र संचालन गरिने योजनाको सिमेन्ट तथा रड, बालुवा, गिट्टी काममा ५५ प्रतिशत र अन्य काममा १५ प्रतिशत जनसहभागिता लिइने गरी व्यवस्था गरेको छ । प्रदेश सरकार विशेष अनुदानबाट रंगेली खेलमैदान घेराबार कार्यको लागि रु. १५०००००/- निकासाबाट कार्य गराउन रु. १५५०१५८.९२ को ल.ई. स्वीकृत गरेको छ । उक्त कार्य उपभोक्ता समिति मार्फत गराउने सम्झौता गर्दा रु. ८०६५०.९५ मात्र उपभोक्ता समितिको सहभागिताको हिस्सा कायम गरी रु. १४७००००/- प्रदेश शर्शत (विशेष अनुदान) बाट भुक्तानी गर्नाले घोषित नीति तथा कार्यक्रमले व्यहोर्नुपर्ने न्यूनतम अंश नै कट्टा नगरी बढी भुक्तानी गरेको रु.	२३२५२३.७०
	• **प्रदेश सरकार र समपुरक अनुदानतर्फः**	
५२.	**निर्माण अवधिः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्काबाट निर्माण कार्य गर्न सम्झौता गर्दा अवधि समेत खुलाई सम्झौता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई समपुरक अनुदान वापत रु. २५००००००/- प्राप्त भएको मध्ये न.पा.बाट रु. १००००००००/- समेतबाट कार्य गर्ने गरी रंगेली अस्पताल इमर्जेन्सी भवन र महानन्दमण्डल घर देखि सदानन्द शाह पोखरिघाट सडक योजनामा खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः	
५३.	महानन्दमण्डल घर देखि सदानन्द शाह घर पोखरीघाटको सडक निर्माण कार्य गर्न रु. ६५८०१५१४.६७ को लागत अनुमान स्वीकृत गरी रु. ४०४१५४१४.६२ मा खरिद सम्झौता गरेको छ । सो कामको निर्माण व्यवसायीलाई २०७६।६।१५ मा कार्यदेश दिएकोमा सम्झौता निर्माण कार्य सम्पन्न गर्ने अवधि २०७७।७८ मात्र उल्लेख गरेको पाइयो ।	
५४.	**पेश्की जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (३) मा पेश्की जमानतको म्याद अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निर्माण व्यवसायी राजदेवी भक्त कन्ट्रक्सनलाई रु.४००००००/- पेश्की उपलब्ध गराउदा पेश गरेको कार्य सम्पादन जमानतको म्याद २०७७।३।१६ मात्र रहेकोमा निर्माण व्यवसायीको तेश्रो रनिङ विल भुक्तानी भै सकेकोमा रु.२४०००००/- पेश्की बाँकी देखिएको छ । बैंक जमानतको म्याद गुज्रिसकेकोमा पेश्की बाँकी नै देखिएको पेश्की जोखिममा रहेको पाइयो । जमानतलाई म्याद थप नगराई राखिएको पेश्की असुल गरी फछ्र्यौट गर्नुपर्दछ ।	
५५.	**भेरिएसन वेगर थप भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा सम्झौता गर्दाको वखत पूर्वानुमान नगरेको परिस्थिती आइपरेमा भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी राजदेवी भक्त कन्ट्रक्शनसँग गरिएको खरिद सम्झौतामा उल्लेखित	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	आइटम नं. ६ को सम्झौता परिमाण २१२० घ.मी. मात्र रहेकोमा तेश्रो विल सम्म उक्त परिमाणको २८४२ घ.मी. को भुक्तानी गरिसकेको पाइयो । कामको भेरिएसन नै नगराई भुक्तानी गरेको रु.	३०५४७५/-
५६.	**गुणस्तर परीक्षणः** सडक निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसारको कामको टेष्ट समेत गराएर गुणस्तरयुक्त भएमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग सडक निर्माण कार्यको भुक्तानी गर्दा क्वालिटी एस्युरेन्स प्लान अनुसारको फ्रिक्वेन्सी र परिमाण बमोजिम कामको परीक्षण गराएको ल्याव परीक्षण रिर्पोट वेगर नै यो वर्ष सम्म रु.२४४२३८५/- भुक्तानी गरिसकेकोले गुणस्तर परीक्षणको ल्याव टेष्ट लिएर मात्र भुक्तानी गर्नुपर्दछ ।	
५७.	**अन्य निकायको क्षेत्रको कार्यः** नगरपालिका क्षेत्रभित्रको विद्युत प्रशारण सम्बन्धी कार्य नेपाल विद्युत प्राधिकरण रंगेलीबाट हुने गरेको छ । कार्यालयले ठे.नं. ३।२०७६।७७ बाट सडकको पोलमा विजुली वत्ती जडान गर्ने कार्यको लागत अनुमान तयार गर्दा २५ वाटको एल.ई.डी र भेपरलाईट ७५४ थान खरिद गर्ने कमको रु.१९६०७११/- स्वीकृत गरेको पाइयो । ठेक्का कार्य गर्नु अघि प्राधिकरण र नगरपालिका विच लाइट जडान पछि विद्युतको महशुल भुक्तानी को दर तथा प्रकृया तोकि सम्झौता भएको पाइएन । सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरिएकोमा पहिलो पटक २ वटा मात्र दरभाउ परेको देखाई दोश्रो पटक ३ वोलपत्रदाताको मूल्याङ्कन गरी रु.१६१८८८३/- मा ठेक्का बन्दोवस्त गरेको छ । सप्लायर्स भएको सम्झौतामा मालसामानको १ वर्ष ग्यारेन्टी अवधि तोकिएको र कार्य सम्पादन जमानतको म्याद विल अवधिको १३ महिनाको हुनुपर्ने व्यवस्था रहेकोमा (विलमिति ०६ मे २०२०) रहेकोमा कार्यसम्पादन जमानतको म्याद ०५ अप्रिल २०२१ सम्मको हुनुपर्नेमा जनवरी २०२१ सम्मको मात्र रहेको र खरिद गरिएका भेपरलाईट जडान गरी कार्यसम्म समेत गरेको नपाइएकोले कामको कार्य सम्पन्न तयार गरी स्वीकृत गर्नुपर्दछ ।	
५८.	**विद्युत ट्रान्सफर्मरको कार्य उपभोक्ता समितिबाट संचालनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराइने कामको बारेमा व्यवस्था छ । कार्यालयले आमतोला-(रंगेली-३) मा ट्रान्सफर्मर सिफ्ट गर्नुपर्ने अवस्था देखाई उक्त काम उपभोक्ता समितिबाट गराई रु.१९०५८९.०७ मा गर्न सम्झौता गरी रु.१८४३००/- भुक्तानी गरेको छ । रकम भुक्तानी गर्दा पेश गरिएको कागजातमा ने.वि.प्राधिकरण रंगेलीमा धरौटी खातामा रु.२८९२०.२६ जम्मा गरेको धरौटी रसिद तथा ने.वि.प्रा.ले मू.अ. कर रु.३३३७.११ थप गरी तयार गरेको लागत अनुमान र १० प्रतिशत ओभररेडको रु.२३३६.५० समेत थप गरेको विवरण समावेश गरेको पाइयो । उपभोक्ता समितिबाट कार्य गराई तयार गरिएको विलमा २८ वटा पोल सिफ्टको रु.१२५७८१/- समेत भुक्तानी गरेकोमा उक्त कार्य ने.वि.प्रा.ले नगरी उपभोक्ता मार्फत नगराई उपभोक्ताबाट कार्य गरेको देखाएको, इष्टिमेटमा जोडीएको मू.अ. कर वापत भुक्तानी दिएको रु.	३३३७.११
५८.१.	धरौटीमा रकम जम्मा गरेको भौचरको आधारमा पुरै रकम भुक्तानी दिएकोले वास्तविक खर्च यकिन गरि फिर्ता लिनुपर्ने रु.	२८९२०.२६
५९.	**पेश्कीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ अनुसार निर्माण व्यवसायीहरुले लिएको मोविलाइजेशन पेश्की मध्ये आर्थिक वर्षको अन्तसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु.	६५७०७६६/-

सि.नं.	पेश्की लिनेको नाम	पेश्की रकम
१.	ओइस्राप विल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.	२८७०००
२.	निकिता एण्ड राज कन्सट्रक्शन	९३००००
३.	गोविन्द निर्माण सेवा	१२७५७६६
४.	विर निर्माण सेवा	१६७८०००
५.	राज देवी भक्त कन्सट्रक्शन प्रा.लि.	२४०००००
	जम्मा	६५७०७६६

	• **प्रदेश सांसद निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम तर्फः**	
६०.	**ओमशान्ति विल्डीङः** वेतौनामोनडाको कामको आइटङ्ग नं. २३ मा कन्क्रिट मिक्स डिजाईनको सामग्री परीक्षणबापत उपभोक्ता समितिको कामको विलमा रु. १००००/- समेत भुक्तानी गरेकोमा उक्त कामको गुणस्तर परीक्षण प्रमाण समावेश नभएकोमा बढी भुक्तानी रु. १००००/- असुल हुनुपर्दछ रु.	१००००/-
६१.	**नगरसभाबाट स्वीकृत नभएको योजनामा खर्चः** स्थानीय सरकर संचालन ऐन २०७४ बमोजिम नगरपालिकाले नगरसभाबाट पारित बजेटको सीमा र कार्यक्रम बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । प्रदेश सासद पूर्वाधार क्षेत्र विकास कार्यक्रमबाट वडा नं. ६ को मुधुवती देखि ५ सम्मका सम्पूर्ण कल्भर्ट निर्माण कार्यक्रम स्वीकृत गरी रु.४००००००/- कार्यक्रम बजेट स्वीकृत भएकोमा उक्त कार्य गराउन २ ठेक्का बन्दोवस्त गरी रु.१८३०००/- मात्र वचत रहेकोमा नगरपालिकाको पूँजीगत बजेटबाट थप कार्य गराउने गरी रु.१८०६६०२.८७ समेत थप गरी पुन अर्को ठेक्का बन्दोवस्त गरी वडा नं. ५ को मा २ योजना र मर्मत संभार कोष समेतको रकम थप गरी यो वर्ष ३ ठेक्कामा रु.५६२२५५३.१० खर्च गरेको पाइयो । नगरसभाबाट पारित नभएका योजनामा नगरकार्यपालिकाबाट रकम थप गरी खर्च गरेको रु.१८०६६०२/- नगर सभाबाट अनुमोदन र स्वीकृत हुनुपर्ने रु.	१८०६६०२/-
	• **प्रदेश शशर्त तर्फः**	
६२.	**लागत अनुमान र कामको क्षेत्रः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराको व्यवस्था गरी निर्माण कार्यको लागत अनुमान नियम १० बमोजिम गर्नुपर्ने व्यवस्था छ । कालीमन्दिरमा सामुदायिक भवन निर्माण कार्य गर्न उपभोक्ता समिति मार्फत कामको सम्झौता गरी यो वर्ष रु.४१२८५९३/- को कार्य परिमाणको आधारमा ल.ई. स्वीकृत गरेको पाइयो । मन्दिर निर्माणको विस्तृत परियोजना प्रतिवेदन बमोजिम रु.६५९४९७३/- गर्ने अनुमान गरिएकोमा यो वर्षको लागि काम टप फ्लोर सटरको कार्य गर्ने गरी च्यानलगेट, आल्मुनियम झ्याल, ढोकाको काम समावेश गरेको भएतापनि ती कार्य नगराई अन्य आइटम मात्रको कार्य गराई भुक्तानी गरेको छ । उपभोक्ता समितिले पेश गरेको खरिदका विल विजक लकडाउन अवधि भित्र (२०७६।१२।१३ देखि २०७७।१।२८) का र मठ्रोल समेत २०७७ बैशाख १ देखि ९ सम्मको रहेको तथा मालसामानहरु विराटनगर बजारबाट खरिद गरेको पाइयो । काम गराउन अघि लागत अनुमान र इष्टिमेट भित्र रहेको कामको क्षेत्र छुट्याएर दोहोरो नपर्ने गरी मात्र कार्य गराउनु पर्दछ ।	
६३.	**साइट क्लियर नभई ठेक्काः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य शुरु गर्नु अगावै निर्माण स्थल निश्चित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकालाई स्वास्थ्य संस्था नभएका वडाहरुमा आधाभुत स्वास्थ्य केन्द्र स्थापना गर्न संघीय सरकारबाट प्राप्त रकम मध्ये यो वर्ष वडा	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	नं. २, ४, ८, ६, ९ मा आधारभुत स्वास्थ्य केन्द्र स्थापना गर्ने गरी ५ ठेक्का प्याकेज तयार गरी वोलपत्र आह्वान भै ठेक्का सम्झौता गरी कार्य थालनी गरेको मध्ये वडा नं. ६ मा निर्माण हुने आधारभुत स्वास्थ्य केन्द्र भवन वनाउने जग्गामा विवाद भई कुनै कार्य नभएको र ठेक्काको म्याद समेत २०७७।१२।३० मात्र रहेको देखियो । निर्माण स्थल निश्चित नगराई ठेक्का सम्झौता गर्ने कार्य गरेकोले काम हुने नहुने निश्चित देखिएन । निर्माणस्थल टुङ्गो लगाएरमात्र ठेक्कापट्टा गर्नुपर्दछ ।	
६४.	**उपभोक्ता समितको आइटम र भुक्तानीः** सार्वजनिक खरिद २०६४ बमोजिम सडकमा ग्राभेल विच्छाउने कार्यको आइटम स्वीकृती गर्दा निर्माण कार्यको नमर्समा तोकिएको आधारबाट गर्नुपर्ने व्यवस्था छ । डिपु देखि महेन्द्र मुर्मुको घरसम्मको बाटोमा ग्राभेल विच्छाउने कार्यको ल.ई. स्वीकृती गर्दा सबबेस सामग्रीको आइटम छुट्टै राखि ग्राभेल लेयिङ्ग एण्ड लेभलिङको कार्य गर्न छुट्टै कम्प्याक्सनको आइटम समावेश गरी प्रति कि.मी. रु.२५०००/- का दरले स्वीकृत गरी उक्त कार्य उपभोक्ता समितिबाट गराई ६०१ मी सडकमा कार्य गराउदा कम्प्याक्सनको छुट्टै रकम भुक्तानी गरेको रु.	७५१२५/-
६५.	**सालवसाली योजनाको म्यादः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट छनौट भई निर्माण कार्यको सम्झौता भएको यो योजनाको अवधि २०७७।९।२९ सम्म कायम गरेको पाइयो । सालवसाली रुपमा संघीय सांसदबाट छनौट गरिएको योजनाको अवधि पछिल्लो आ.व. सम्म राखि सम्झौता गरेको कारण पेश भएन ।	
६५.१.	**गुणस्तर परीक्षणः** सडक निर्माण कार्य कार्य गराउदा स्टान्डर्ड स्पेसिफिकेशनको आधारमा कार्य गराई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी मार्फत कार्य गराई दोश्रो विल सम्मको रु.८३०३७५२/- भुक्तानी गरिसकेकोमा कामको गुणस्तर परीक्षण गरेको ल्याव टेष्ट रिपोर्ट लिएको नपाइएकोले सम्झौता र स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार कार्य भएको मान्ने आधार देखिएन । स्वीकृत स्टाण्डर्ड अनुसारका सबै कामको परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्दछ ।	
६६.	**वीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण व्यवसायीलाई साइट हस्तान्तरण गरेको मिति देखि त्रुटि सच्याउने अवधि सम्मको कामको विमा गराउनुपर्ने व्यवस्था छ । यो ठेक्काका निर्माण व्यवसायीलाई बीमा वापत रु.५००००/- भुक्तानी गरेकोमा कामको बीमा र तेश्रो पक्ष दुर्घटना बीमा गराई सोको पोलिसी लेखापरीक्षणमा पेश नभएको रु.	५००००/-
६७.	**सम्झौताको शर्त पालना स्थितीः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण कार्य गराउदा खरिद सम्झौताको शर्त पुरा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ठे.नं. १६।२०७६।७७ बाट आमतोला-रंगेली सडक निर्माण गर्ने निर्माण व्यवसायीले उक्त कामको बीमा गराई प्रमाण पेश गरेको पाइएन । यो वर्ष अन्तिम विल भुक्तानी गरेको र सडकमा पिच गर्ने कामको समेत भुक्तानी गरेकोमा विटुमिन टेष्टको ल्याव रिर्पोट नरहेको प्रिमिक्स कार्पेटको चौडाई ०.०४ मि.मि. देखाई विल भुक्तानी गरेकोमा कोर कटर टेष्ट रिर्पोट नरहेको सडकमा प्राईमकोटको कार्य गराएको क्षेत्र भन्दा १० मी. घटी लम्बाईमा मात्र ट्याक कोट र प्रिमिक्सको कार्य गरेकोले सम्झौता अनुसारको पुरै क्षेत्रको कार्य नगराई तथा ल्याव प्रमाणित वेगर कार्यको भुक्तानी गरेकोले कामको नापजाँच गरी भुक्तानी सिफारिस गर्ने समेतलाई जिम्मेवार बनाइनु पर्दछ ।	
६८.	**रंगेली अस्पताल इमर्जेन्सी भवनः** प्रदेश सरकार समपुरक अनुदान रु.१०००००००/- र न.पा.को रु.३००००००/- समेत थप गरी निर्माण गरिने यस अस्पतालको भवनको ल.ई. रु.३३२२३०८३/- रहेकोमा ठेक्का पट्टा मार्फत कार्य गर्न वोलपत्र आह्वान भै रु.२४१००४९३/-	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	मा कार्य गर्ने सम्झौता भएको छ । यसवर्ष तेश्रो विल सम्मको भुक्तानी गरेको निर्माण अवधि २०७७।१२।२९ सम्म रहेको छ ।	
६८.१.	**बढी भुक्तानीः** निर्माण कार्यको भुक्तानी गर्दा सम्झौताको शर्तको आधारमा गर्नुपर्ने व्यवस्था छ । यो ठेक्कामा बीमा वापतको आइटम Job मा राखि सम्झौताभएको छ । ठेक्का सम्झौता उक्त आइटममा रु. ३५०००/- मात्र रहेकोमा कार्यालयले रु. ४६९९०.७४ भुक्तानी गरेकोले सम्झौता भन्दा बढी मू.अ. कर समेत भुक्तानी गरेको रु. १३५३८.७४ असुल हुनुपर्नेमा प्रारम्भिक प्रतिवेदन को प्रतिकृया वाट रु१२७५८.७४ को प्रमाण पेश भई बाँकी रु ७८० असुल गर्नुपर्ने रु	७८०/-
६८.२.	**बढी पेश्कीः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम सम्झौता पेश्की दिने शर्त रहेकोमा निर्माण व्यवसायीले पेश गरेको जमानतको आधारमा तोकिए बमोजिम पेश्की दिन सकिने व्यवस्था छ । यो ठेक्काका निर्माण व्यवसायीले रु.४१०००००/- मात्रको बैंक ग्यारेन्टी पेश गरेकोमा कार्यालयले रु.४२०००००/- पेश्की दिएको पाइयो । पेश गरेको बैंक जमानतको म्याद २०७७।२।२९ सम्म मात्र रहेको बैंक जमानतको म्याद थप नगरी छाडिएकोले पेश्की रकम जोखिम अवस्थामा देखिएकोलवे बैंकबाट जमानत दावी गरी रकम असुल गर्नुपर्दछ ।	
६९.	**मर्मतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत संभारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यसम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष लागत अनुमान तयार नगरी सवारी साधन मर्मत तर्फ रु.१५०००००/- र मेशिन औजार मर्मत तर्फ रु.१६८४२६९/- गरी जम्मा रु.३१८४२६९/- खर्च गरेको छ । मेशिन औजार मर्मत तथा संरक्षण अभिलेख खाता मे.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्नेमा तोकिएको ढाँचामा अभिलेख राखेको छैन । नियमावलीको पालना गर्नुपर्दछ ।	
	• **धरौटीतर्फः**	
७०.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण कार्यको भुक्तानी गरी कट्टा गरिएको रिटेन्शन मनि भुक्तानी गर्दा संयुक्त उपक्रमको हकमा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको काजगात पेश भएपछि धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यववसायीको धरौटी फिर्ता गर्दा सो अनुसार नगरी फिर्ता गरेको रु.	१७९३६३३/-

भौ.नं./मिति	फर्मको नाम	फर्मको रकम	कैफियत
७०/२०७६/१०/१४	एलिसा कन्ट्रक्शन	९००२३	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
६४/२०७६/८/२४	ग्रीन थम्वसर	८५८३७	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
६३/२०७३/९/२०	नवाकर इन्टरप्राइजेज	२५८७०५	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
३५/२०७४/६/१५	गरीमा निर्माण सेवा	२१५१३	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
३४/२०७४/६/१२	तिलक नि.से.	२१६४४	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
३१/२०७४/६/७	ब्रदर्श कन्ट्रक्शन	२१६१४	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
३०/२०७४/६/७	गित कन्ट्रक्शन	२१६१४	
२९/२०७४/६/७	श्रेष्ठ कन्ट्रक्शन	२१६१४	
२७/२०७६/६/१	हिमगिरी नि.से.	१०६५१०	
२६/२०७६/५/३१	आकृति कन्ट्रक्शन	७७१७१	
२५/२०७६/५/३१	जे.के. निर्माण	२१३८९	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

२४/२०७६/५/३१	त्रिशक्ति कन्ट्रक्शन	५६१८४	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
२१/२०७६/५/३०	दावा नि.से.	२४८४०	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
२०/२०७६/५/३०	पुष्पाञ्जली कन्ट्रक्शन	२१५७९	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१९/२०७६/५/२९	विनोद नि.से.	१९६१२	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१७/२०७६/५/२८	टाडा नि.से.	२१५१०	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१६/२०७६/५/२७	एच.के. नि.से.	२२०१४	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१५/२०७६/५/२७	भारती नि.से.	२१८४९	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१४/२०७६/५/२६	मुसुद नि.से.	६४९८७	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१३/२०७६/५/२६	वोलवम नि.से.	२२०४०	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१२/२०७६/५/२६	वराल नि.से.	२१७४६	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
१०/२०७६/५/२२	वीर नि.से.	३७४८१९	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
८/२०७६/५/२२	एलिसा कन्ट्रक्शन	३७४८१९	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
	जम्मा	१७९३६३३	

- **विपद् व्यवस्थापन**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
७१.	**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पूर्ण रुपमा संचालन नगरेको नपाइएकोले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
७१.१.	विपद व्यवस्थापन कोषको रकम खर्च गर्दा विपद व्यवस्थापन कार्यविधि निर्देशिकाको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७६।१२।६ मा यस कोषबाट कोरोना महामारी रोकथाम कोषमा रु.२६८७३२८/-ट्रान्फर गरी खर्च गरेको पाइयो । यो वर्ष कोषमा रु.२९९६८४१९/- को बजेट स्वीकृत गरी रु.२६५२२२२९/- खर्च गरेको मध्ये कोरोना कोष तर्फ रु.२१०६७०३८/- र बाँकी यसै कोष मार्फत खर्च गरेको छ ।	
७१.२.	कार्यालयले कोषबाट खर्च गर्ने कार्यक्रम र निर्णय वेगर मनोज इन्टरप्राइजेजबाट १५४ बोरा (७७०० के.जी.) आयो नून खरिद गरी रु.१७९०००/- भुक्तानी गरेकोमा उक्त नूनको वितरण तथा नून खरिद गर्न निर्णय समेत सम्लग्न नभएको रु.	१७९०००/-
७१.३.	**खोलाको वहाव परिवर्तनः** विपद व्यवस्थापन सम्बन्धि कार्य गर्न स्थापना गरिएको यो कोषबाट खर्च गर्नुपर्दा विपद व्यवस्थापन समितिको निर्णयबाट विपदको लागि गरिने कार्यक्रमको समेत लेखाजोखा गरी कार्य गराउनु पर्नेमा वडा नं.३ र ८ मा चिसाङ खोलाको बहाव परिवर्तन गर्न खरिद नियमावली २०६४ को नियम ८५(१) को आधारबाट र गर्ने व्यहोरा उल्लेख गरी सो कार्य जे.सि.वि. मेशिनबाट गराउने गरी रु.३५८४३६/- लागत अनुमान तयार गरि डिग्री निर्माण सेवालाई कामको रु.३५७३२९/- भुक्तानी गरेको छ । नदीको बहाव परिवर्तन गराउन वा सो कार्य गरिदिन नगर स्तरीय विपद व्यवस्थापन समितिको कार्यालयमा निवेदन वा सूचना प्राप्त गरेको अभिलेख समेत समावेश नभएको र काम गराउन अघि र कम सम्पन्न पछिको अवस्थाको फोटो	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	लगायतका स्थिती खुल्ने अभिलेख प्रमाण समावेश गरेको पाइएन । विपदको अवस्था सृजना भएको पुष्टि हुने प्रमाण समावेश गरेर कार्य गराउनु पर्दछ ।	
७२.	**वार्षिक प्रतिवेदन** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
७३.	**सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार एवं संरक्षण गरी गराई अभिलेख राख्नु पर्दछ ।	
	• **शिक्षातर्फः**	
७४.	शर्शत कार्यक्रमको लागि प्राप्त रकम खर्च गर्दा स्वीकृत कार्यकम संचालन निर्देशिकाको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा प्राप्त शर्शत अनुदान मध्ये वर्षान्तमा निम्नानुसारका कार्यक्रमको लागि प्राप्त रकम विद्यालयहरुको खातामा निकासा पठाई खर्च जनाएकोमा उक्त रकमबाट विद्यालयहरुले तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अनुगमन र कार्य सम्पादन प्रतिवेदन लिई यकिन गरेको अभिलेख परीक्षणमा पेश भएन ।	

कार्यक्रम	निकासा रकम	कैफियत
आ.ले.प./सा.ले.प.	३५०००	रकम खर्च गरेको र तोकिएको कामको सम्पन्न भएको अनुगमन प्रतिवेदन पेश नभएको
एस आई पी/ समुदाय क्षमता	३९५०००	रकम खर्च गरेको र तोकिएको कामको सम्पन्न भएको अनुगमन प्रतिवेदन पेश नभएको
कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता	२५००००	रकम खर्च गरेको र तोकिएको कामको सम्पन्न भएको अनुगमन प्रतिवेदन पेश नभएको
शैक्षिकसत्र २०७७को लागि २९ विद्यालयलाई निशुल्क पाठ्यपुस्तक अनुदानमा नपुग २५ प्रतिशत समेत पठाएको	९१७२२२	ईएमआईएस डाटा प्राप्त नगरी पाठ्य पुस्तक वापत २५ प्रतिशतले थप रकम पठाएको
पुस्तकालय अनुदान पार्वती मा.वि.	६५००००	विद्यालयले २०७७।२।३२ देखि २०७७।३।१९ सम्म पथरी, विराटनगरका पसलबाट लकडाउनको अवधिमा पुस्तक खरिद गरिएको विल समावेश गरेको
आईसीटी केन्द्र स्थापना (प्रगतिशिल मा.वि.)	६५००००	६ वटा डेक्सटप र २ वटा ल्यापटप र प्रोजेक्टर समेतको खरिद गरेकोमा खरिद नियमावली २०६४ बमोजिम स्पेसिफिकेशन स्वीकृत नगरेको र दररेट मात्र लिई सामान खरिद गरिएको
विज्ञान प्रयोगशाला (आदर्श मा.वि.)	६५००००	ल्याव रहने भवन नरहेकोमा प्रयोगशाला सामाग्रीबाट अन्य निर्माण समेत गराई २०७७।४।३० र २०७७।५।३ को विलबाट आषाढ महिनामै खर्च देखाएको
जम्मा	**३६१९२२२**	

उपरोक्तानुसारले रकम मध्ये २०७६।१२।११ देखि कोभिड-१९ ले सम्पूर्ण लकडाउन भएको

<table>
<tr><td colspan="3">स्थानीय तहको नामः रंगेली नगरपालिका — आर्थिक वर्ष-२०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>कारण विद्यालयहरुको शैक्षिकसत्र २०७७ शुरु हुन नसकेको र विद्यार्थि भर्ना नभएको, ई.एम.आई.एस तयारी नभएकोमा समेत विद्यालय खातामा निशुल्क पाठ्य पुस्तक र थप रकम निकासा पठाएको, लकडाउन अवधिको खरिद विजकबाट पुस्तकालयमा पुस्तक खरिद गरेको, मेशिनरी औजार खरिद गरेकोमा स्पेसिफिकेशन स्वीकृत गरी खरिद नगरेको ल्याव भवन नभई ल्याव सामाग्री खरिद गरेको समेत देखिएकोले निकासा रकम तोकिएको कार्यमा खर्च गरे नगरेको अनुगमन गर्नुपर्दछ । निकासा दिएको रकम स्वीकृत कार्यक्रम संचालन निर्देशिका बमोजिम खर्च नभएमा फिर्ता दाखिला हुनुपर्ने रु.</td><td>३६१९२२२/-</td></tr>
<tr><td>७५.</td><td>स्थानीटरी प्याड खरिद र वितरणः कार्यालयले विद्यालयका छात्राहरुको लागि स्यानीटरी प्याड (स्कुल गर्ल) खरिद सम्बन्धी कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) को व्यवस्था अनुसार उप्पादक कम्पनीसँग दररेट लिई खरिद गर्ने प्रस्ताव गरी ३५६०० थान स्नीटरी प्याड जेस्मीन हाइजिन प्रोडक्ट (सेफ्टी स्कुल गर्ल) बाट निशुल्क वितरण गरेको समेत लोगो राखि रु.९४९५२७७/- मा खरिद गरेको पाइयो । उत्पादक कम्पनीले विल मूल्यमा डिस्काउन्ट नदिई छुट्टै पत्रबाट डिस्काउन्ट पछिको दर खुलाएको छ । प्याडहरु खरिद गर्दा प्रत्येक विद्यालयका लागि छुट्टा छुट्टै विद्यार्थी संख्याको अभिलेख तयार गरेको देखियो । कोभिड-१९ को कारण लकडाउन भै विद्यालयहरु संचालनमा नरहेको अवधिमा खरिद गरिएका प्याडहरु विद्यालयमा पठाएको आधारमा खपत र वितरण नभएकोमा समेत अनुगमनको प्रतिवेदन तयार गरिएको छ । विद्यालयहरु वन्द रहेको अवधिमा खरिद गरी पठाइएका उक्त प्याडहरु तोकिएको समुहका विद्यार्थीले प्राप्त गरेको, प्रयोग समेतको स्थिती अवस्था नखुलेको र विद्यालयमा गठन भएको यो कामसँग सम्बन्धित समितिले निर्देशिकाको व्यवस्था बमोजिम खर्च गरे नगरेको यकिन गर्न सकिएन । खरिद गरी विद्यालयमा पठाइएका प्याडको प्रयोग अवस्था खुलेको प्रमाण समेत लिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.</td><td>कार्यालयले कक्षा ८ को परीक्षा व्यवस्थापन वापत रविन्द्र कुमार पण्डीतलाई रु. १३०५४६/- भुक्तानी गरेको छ । कोभिड-१९ को कारण शैक्षिकसत्र (२०७६ चैत्र) पुरा नभई २०७६।१२।११ देखि सम्पूर्ण लकडाउन भई विद्यालयहरु २०७७ कार्तिक सम्म बन्ध रहेकोमा कक्षा ८ को परीक्षा वापत रकम भुक्तानी गरेको र कामको विल समेत लकडाउन अवधिको पाइएकोले यस सम्बन्धमा पुन यकिन गरी परीक्षा संचालन गरे नगरेको सो को अवधि तथा पुरा भएको अवधि र नतिजा प्रकाशन लगायतका कार्यलाई पुष्टी हुने प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भुक्तानीमा सम्लग्न विल र मिति</th><th>रकम</th></tr>
<tr><td>२०७७/१/२२</td><td>२१०१८</td></tr>
<tr><td>२०७६/१२/२३</td><td>६५०००</td></tr>
<tr><td>प्रश्नपत्र रिडीङ</td><td>३०००</td></tr>
<tr><td>२०७७/३/१० प्रश्न पत्र</td><td>१७४४४</td></tr>
</table></td><td>१३०५४६/-</td></tr>
<tr><td>७७.</td><td>कार्यक्रम बजेटबाट तलव भत्ता खर्चः कार्यालयमा प्राप्त शर्शत तर्फको अनुदान रकम खर्च गर्दा तोकिएको आधारबाट गर्नुपर्ने व्यवस्था छ । विद्यालयका शिक्षकहरुको तलव भत्ता वापत तेस्रो चौमिसकमा रु.८१३१२४२/- विद्यालयमा निकासा पठाएकोमा उक्त रकम मध्ये रु. ७७१६७०६.६० तलव भत्ता शिर्षकबाट बाँकी कार्यक्रम संचालन तर्फको रकमबाट खर्च लेखि निकासा गरेकोले स्वीकृत खर्च शिर्षक भन्दा फरक गरी भुक्तानी गरेको अनियमित रु.</td><td>४१४५३६.४०</td></tr>
<tr><td>७८.</td><td>अधुरो निर्माण कार्यः नगरपालिकालाई प्राप्त शर्शत तर्फको कार्यक्रम बजेटबाट खर्च गर्दा तोकिएको</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम

आधारमा गराई बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वास सहितको शौचालय वापत २ विद्यालयहरुमा ७/७ लाखको दरले कार्यक्रम बजेट स्वीकृत गरी उपभोक्ता समितिसँग कामको सम्झौता गरेकोमा जनता मा.वि. आमतोलाको ल.ई. रु.७३६८१९.३२ रहेको शौचालय निर्माण कार्यको रनिङ्ग विलको आधारबाट भुक्तानी चालु गरी यो वर्ष रु.३९६८१२/- को प्रथम किस्ता भुक्तानी गरेको छ । सम्झौता अनुसारको कार्य पुरा नभएकोमा बाँकी कार्यको लागि बजेट व्यवस्थापन समेत नगरी योजना समेतको सम्पन्न प्रतिवेदन र अन्तिम विल तयार गरी भुक्तानी गरेकोले सेवा सुविधा प्राप्त नभई रकम खर्च गरेको पाइयो ।

- **कोभिड-१९तर्फः**

७९. विश्वव्यापी महामारी कोरोना भाईरस रोग नियन्त्रण गर्ने गतिविधि संचालन गर्न खडा गरिएको नगरपालिकाको यस कोषमा लेखापरीक्षणलाई उपलब्ध गराएको विवरण अनुसार निम्नानुसार रु.२२७५९५००.३७/- आय देखिएकोमा कार्यालयबाट यस सम्बन्धी खर्चको विवरणमा आषाढ मसान्त सम्म रु.२२२७११६२.१४ खर्च भएको विवरणमा देखाएको छ ।

आय	रकम
वडा स्तरीय योजनाको बजेटबाट	९८५००
आन्तरिक श्रोत (कोलुस्टोर व्यवस्थापन योजना बजेटबाट)	८८००००००
कानून तथा प्रदेश आर्थिक मामिला मन्त्रालय	१००००००
वडा नं. ६ को लक्षित वर्ग कार्यक्रम	२६०३७.३७
सामाजिक विकास मन्त्रालय	५००००००
चलु खर्च रकमान्तरबाट	७४५००००
मनोज इटरप्राइजेज	५८५०
सन्तोष कुमार शाह	२१०००
विभिन्न संघ संस्थाबाट उल्लेख गरिएको	३५८११३
जम्मा	**२२७५९५००.३७**

उपरोक्तानुसारको आय कार्यालयले उपलब्ध गराएको विवरणको आधारमा उल्लेख गरिएको छ । कोरोना कोषमा रकम जम्मा गर्ने प्रकृया र विधि खातानै छुट्टै नराखेको अवस्था भएकोले सबै आय समावेश रहे नरहेको यकिन गर्न सकिएन । व्यक्तिगत र संस्थागत रुपमा प्राप्त रकमको अवधि खुलाई विवरण अलगै उपलब्ध नगराएकोले लेखापरीक्षण क्रममा आम्दानी भौचरको आधारबाट मात्र उपरोक्तानुसारको शिर्षकहरुमा रकम प्राप्त देखिएको छ ।

७९.१. कार्यालयले पेश गरेको कोभिड-१९ विशेष लेखापरीक्षण प्रशेनावली तथा विवरणमा संघीय संचित कोषबाट कुनै रकम प्राप्त नगरेको, प्रदेश कोभिड कोषबाट रु. १५०००००/- नगरपालिकाको आफ्नै बजेट विनियोजनमा रहेको विभिन्न कार्यक्रम र योजनाबाट रु. २०४००४९.१४ र अन्य स्रोतबाट रु. ३७०७१३/- प्राप्त देखाएको पाइयो । लेखापरीक्षणमा कार्यालयले विपद व्यवस्थापन कोषको खातामा रकम जम्मा गरी सो मध्ये कोरोना रोकथाम नियन्त्रणको लागि रु. २१८६३२८/- कोरोना कोषमा खर्च ट्रान्फर गरी कारोवार गरेको पाइयो ।

७९.२. कोरोना रोकथाम नियन्त्रण कोषमा अन्य संघ संस्था तथा व्यक्तिगत रुपमा प्राप्त औषधि, उपकरण, जिन्सी मालसामान, खाद्यान्न लगायतको अभिलेख विवरण लेखापरीक्षणमा प्राप्त नभएकोले सो सम्बन्धी विवरण उल्लेख गर्न सकिएन ।

स्थानीय तहको नामः ***रंगेली नगरपालिका*** **आर्थिक वर्ष-२०७६/७७**

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९.३.</td><td>नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७६।१२।८ देखि २०७७।३।१४ सम्म औषधि र स्वास्थ्य सामाग्री खरिद कार्यमा रु.१००८२३१ उल्लेख गरेकोमा उक्त शिर्षकमा रु.१२५६०९३/- खर्च भएको छ । औषधि र उपकरण खरिद गरेको मध्ये ११५० भि.टि.एम खरिद कार्यमा रु.५१३३०२/- (५०.९१ प्रतिशत) आर.डि.टी किट खरिदमा रु.२३०००/- खर्च गरेको छ । कार्यालयमा प्राप्त हुने अन्य स्वास्थ्य उपकरण मध्ये प्रदेश स्वास्थ्य ल्याबबाट समेत भि.टि.एम प्राप्त गरेको विवरणबाट देखिएको छ । कोभिड-१९ को लागि खरिद गरिने औषधि र उपकरण स्वास्थ्य शाखा प्रमुखले छुटै खडा गरेको जिन्सी खातामा आम्दानी गर्ने र सामान मौज्दातबाट घटाउने गरेको देखियो । विभिन्न मितिमा सेनिटाईजर, मेडिकल माक्स, एन ९५ माक्स, पीपीई, खरिद कार्य विराटनगरका सप्लायर्सहरुबाट सोझै दररेट लिई खरिद गरेको छ। नगरपालिका केन्द्रमा रहेको बजारबाट रु.१७२९६/- को औषधि मात्र खरिद गरेको देखियो। पीपीई खरिद कार्य रु.१६९५/- प्रतिपिस, भिटिएम रु. ३९५/- आर.डि.टी किट रु.११५०/-, एन ९५ माक्स रु.१००/- देखि ३९५ सम्म पेपर तथा सर्जिकल मास्क रु.८ देखि रु.१५ सम्म (वडा नं. ४ बाट खरिद) प्रतिपिसका दरले सर्जिकल पञ्जा प्रति प्याकेट रु.४५०/- सम्म सेनिटाईजर (५ लि जार) रु.२७५० देखि ३००० सम्मको दरमा खरिद गरेको देखिएको छ । कार्यालयबाट खरिद गरि वितरण गरिएको अतिरिक्त वडा कार्यालयहरुले समेत मास्क, सावुन, पञ्जा समेतको खरिदका विलहरु समावेश गरी भुक्तानी गर्ने गरेको पाइयो । न.पा.ले कोभीड-१९ सँग सम्बन्धित मिडिया (संचार) प्रचार, प्रसार, टिसर्ट छपाई समेतको कार्यमा रु.१०५९५७/- खर्च गरेको देखिएको छ ।</td><td></td></tr>
<tr><td>७९.४.</td><td>राहत वितरणः लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार नगरपालिकाले दुई चरणमा राहत वितरण कार्य गरेको र पहिलो चरणमा ९०१० घर परिवार छनौट भएकोमा दोश्रो चरणको राहत वितरण गर्न ७२९ परिवार थप भएको उल्लेख गरी ९७३९ घर परिवारलाई राहत सामाग्री वितरण गरेको देखिएको छ । कोभिड-१९ विशेष लेखापरीक्षणको लागि प्राप्त विवरण अनुसार पहिलो चरणमा खाद्यान्न र अन्य सामानहरुको खर्च देखाएकोमा दोश्रो चरणको लागि चामल र तोरि तेल मात्र खरिदमा खर्च उल्लेख गरिएको राहत सामाग्री खरिद वापत निम्नानुसार रु.१०५५२९१२/- खर्च गरेको छ ।
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>चामल</td><td>५५२६८९८</td></tr>
<tr><td>तेल</td><td>२२८४६३२</td></tr>
<tr><td>चिनी</td><td>६५०३२०</td></tr>
<tr><td>नून</td><td>१७९०००</td></tr>
<tr><td>मसुरोदाल</td><td>१४१७५००</td></tr>
<tr><td>सावुन</td><td>१७८००</td></tr>
<tr><td>खालीवोरा</td><td>२१३६०</td></tr>
<tr><td>ढुवानी</td><td>४५५१०२</td></tr>
<tr><td>जम्मा</td><td>१०५५२६१२</td></tr>
</table></td><td></td></tr>
<tr><td>७९.५.</td><td>राहत वितरण कार्य गर्न कोभिड-१९ को कारण २०७६।१२।११ देखि लकडाउन शुरु भएकोमा न.पा.ले तेश्रो दिन देखि राहत वितरणका लागि सामाग्री खरिद कार्य शुरु गरेको १ हप्ता अवधिमा रु.१३३५५००/- को राहत सामाग्री खरिदमा खर्च गरेको छ । राहत वितरण गर्दा तयार गरिएको सम्बन्धित परिवारको भरपाईमा अवधि खुलाई बुझाउने गरेको पाइएन । दुई चरणमा राहत वितरण गरेकोमा तोकिएका सबै परिवारले दुबै चरणको राहत प्राप्त गरे नगरेको यकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
७९.६.	राहत सामाग्रीको लागि खाद्यान्न तथा अन्य मालसामान खरिद कार्य सोझै तथा दरभाउपत्र माग गरी गरिएको पाइयो । केही खरिद सम्बन्धी कार्य गर्न सार्वजनिक खरिद ऐनको दफा ६६ र नियमावलीको नियम १४५ को व्यवस्था उल्लेख गर्ने गरेको भएतापनि टिप्पणीमा विशेष परिस्थिती उल्लेख गर्ने गरेको भएतापनि ऐन, नियमावलीमा भएका विशेष परिस्थितीको खरिद सम्बन्धी अन्य प्रकृयाहरु पालना गरिएको पाइएन ।	
७९.७.	**क्वारेन्टीन र आइसोलेशन व्यवस्थापनः** नगरपालिकाले जनता क्याम्पस र तिरुपति आर्यबाट (वालाजी संभार) मा क्वारेन्टीन सेन्टर स्थापना गरी संचालन गरेकोमा आइसोलेशन सेन्टर समेत जनता क्याम्पसमा स्थापना गरेको जानकारी प्राप्त भएको छ । क्वारेन्टिनको क्षमता र संख्या निर्धारण नगरीएको नगरस्तरीय सि.एम.सी को निर्णय र व्यवस्थापनमा संचालन गरिएको यो स्थलमा रु.६४४२२५०/- (चामल रु.६१०६३५३/-) खाना खाजा वापत खर्च गरिएको छ ।	
७९.८.	क्वारेन्टीन र आइसोलेशन सेन्टर निर्माण गर्न किचेन भाडाकुडा, मेट्रेस, पानी कल, विद्युतीय सामाग्री, शौचालय मर्मत, ग्याँस रिफिल, बाँस खरिद, सिरानी, तन्ना गाउन, तौलिया समेतका मालसामानहरु सोझै खरिद गरीएकोमा, गाँउन रु.१२००/- तौलिया रु.५५०/- र सिरानी खाले रु.६५०/- प्रतिपिसकव दरबाट (प्रदिप इन्टरप्रइजेज) खरिद गरेको देखियो । क्वारेन्टीन निर्माण तर्फ रु.६२६९१४/- र पव्लिक मा.वि.मा स्थापना गरिने होल्डिङ सेन्टरको लागि भाडाकुडा र खाद्यान्नमा समेत रु.११०१६२/- थप खर्च भएको छ । तर होल्डिङ सेन्टर संचालनमा ल्याएको पाइएन ।	
७९.९.	**नागरिकको उद्दार खर्चः** नगरस्तरीय सि.एम.सीको निर्णयअनुसार रंगेली नगरपालिकाभित्र बसोवास गरिरहेका अन्य जिल्लाका नागरिक र काठमाडौं, भारत र अन्य जिल्लामा रहेको नगरपालिकाका बासिन्दाहरुलाई लकडाउनको कारण उद्दार गरी ल्याउनु र क्वारेन्टीन सेन्टरमा पुऱ्याउने कामको लागि विभिन्न माइक्रोबस, बस लगायतका सवारी साधन भाडामा लिई काकडभित्ता, काठमाडौं, तुल्सीपुर, नवलपरासीबाट ल्याउने कार्यमा रु.३४४४००/- खर्च गरिएको छ ।	
७९.१०.	**स्वास्थ्य कर्मी पारिश्रमिक र खाजाः** नेपाल सरकार मन्त्रीपरिषदको २०७६।१२।६ को आदेशमा जोखिम भत्ताको व्यवस्था गरी जोखिमको आधारमा दोहोरो नपर्ने गरी मात्र भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाले कर्मचारीहरुलाई कोभिड-१९ को अवधिसम्म प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा सो भत्ताको अतिरिक्त हेल्थडेक्समा खाजा वापत कर्मचारी र सुरक्षा कर्मीलाई दैनिक रु.१२००/- दरले भत्ता, हेल्थडेक्समा खटीनेको पारिश्रमिक र हेल्थडेक्सको सामाग्री वापत थप रु.६२७६४९/- खर्च गरेको छ । कर्मचारीको भत्ता दोहोरो परे नगरेको सम्वन्धमा यकिन गरी बढी देखिएमा असुल हुनुपर्दछ रु.	६२७६४९/-
७९.११.	४२/०७७/३/१९ न्यू मनोज इन्टरप्राइजेजबाट २०७७/१/५ मा विल नै ३६० बाट चिनी खरिद गरेकोमा विल बमोजिम खरिद परिमाणको आधारमा रु.१७३२५/- हुनेमा रु.२३१७५/- भुक्तानी गरेकोले बाँकी भुक्तानी रकम रु.५८५०/- असुल हुनुपर्दछ रु.	५८५०/-
७९.१२.	**संक्रमित व्यक्ति र उपचार संख्याः** कार्यालयबाट पेश भएको विवरण अनुसार जनता व्यवस्थापन र वालाजी मन्दिरमा १००/१०० थान वेडको व्यवस्था गरी दैनिक औषधि जनता क्याम्पसमा १०० जना र वालाजी मन्दिरमा अधिकतम ६० जना क्षमता आकलन गरी स्थापना गरिएकोमा दैनिक रुपमा क्याम्पसमा १०० र मन्दिरमा ६० गरी २०७७ आषाढ सम्म ९०२ जनालाई क्वारेन्टीन सेन्टर राखी उपचार गरिएको विवरणबाट देखिएको छ ।	

<table>
<tr><td colspan="3">स्थानीय तहको नामः रंगेली नगरपालिका आर्थिक वर्ष-२०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७९.१३.</td><td>उपचार र परीक्षणः कार्यालयबाट प्राप्त विवरण अनुसार २९०७ जनाको पि.सि.आर र २२२ जनाको आर.डि.टि. परीक्षण गरिएको र १६३ जना आइसोलेशनमा रहेको नगरपालिका भित्रका ५ जना अन्य अस्पतालमा मृत्यु भएको विवरणबाट देखिएको भएतापनि होम आइसोलेशनको संख्या नखुलेकोले उपचार पाउनेको संख्या यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>रंगेली अस्पताल विकास समितिः</td><td></td></tr>
<tr><td>८०.</td><td>मौज्दात जिमेवारी फरकः छुट्टै खाताबाट कारोवार संचालन गरिएको यस समितिको खातामा रहेको मौज्दातलाई जिम्मेवारी सारेर कारोवार संचालन गर्दा बैंक मौज्दात भुक्तानी बाँकी चेक समेतको हिसाव भिडान गरी यथार्थ बाँकी मौज्दात जिम्मेवारी सारी कारोवार गर्नुपर्नेमा लेखापरीक्षणमा पेश गरेको समितिको खाता नं. ०३१००१०११४८३०७०००० मा २०७६ आषाढ मसान्तमा रु.६९९२७४७.४८ देखिएकोमा कार्यालयले भौ.नं. १।२०७६।४।१ बाट रु.४३६४९२४.९८ र नगद मौज्दातमा रु.७१७००.५० देखाएको छ । समितिको कारोवारलाई यो वर्ष म्यानूअल कारोवारबाट सफ्टवेयर मार्फत संचालन गरेको समेत देखिएकोमा आर्थिक वर्षको शुरुमा खडा गरिएको जिम्मेवारी सारेको भौचर श्रेस्ता अनुसार रु.७८०११५७.१४ (श्रेस्ता अनुसार) उल्लेख गरेको छ । आ.व. २०७५।७६ कै अल्या रकममा निम्नानुसारको कारोवार अंक समेत समावेश गरेको देखिएको छ ।
<table>
<tr><td>२०७५।७६ को अल्या</td><td>४२९३२२४.४८</td></tr>
<tr><td>आमा सुरक्षा</td><td>२६१८४३</td></tr>
<tr><td>निक साइमक्स फाउन्डेशन</td><td>१०००००</td></tr>
<tr><td>न.पा.बाट प्राप्त मर्मत संभार</td><td>२९९६९४०</td></tr>
<tr><td>हाइड्रोसिल कार्यक्रम वापत कार्य</td><td>५१९८३१</td></tr>
</table>
भौ.नं.३।२०७६।४।३२ बाट गत आ.व. को नगद रु.६८५२५/- र श्रावण महिनाको आय रु.६८००६९/- गरी रु.७४८५९४/- को आम्दानी भौचर तयार गरेको छ ।</td><td></td></tr>
<tr><td>८१.</td><td>कार्यालयले भौ.नं. २१२, २१३, २१४, २१५। मिति २०७७।३।३१ बाट २०७६।४।१५ को आम्दानी उल्लेख गरी रु.६५५००/- लाई वर्षान्तमा बैंक जम्मा देखाएको भौ.नं. बाट शर्शत तर्फको छुट उल्लेख गरी रु.११७५००/- भौ.नं. २१४ बाट न.प्रा र निकसाइयन्स फण्डको आम्दानी छुट उल्लेख गरी रु.२९०१७८/- तथा भौ.नं. २१२ मा शर्शत भौ.नं. २४७ बाट प्राप्त आम्दानी बैंक स्टेटमेन्टबाट उलेलेख गरी रु.५०७०००/- समेतलाई आयहिसावमा समावेश गरेको देखाएकोले यस वर्ष जिम्मेवार रकम भिडान र एकिन गर्न सकिएन । कार्यालयले बैक स्टेटमेन्ट र गतवर्षको अवधिको भुक्तानी बाँकी चेकको हिसाव समेतको विवरण र नगद मौज्दात पुन यकिन गरी जिम्मेवारी रकम भिडान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८२.</td><td>खरिद इकाईः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १६ मा सार्वजनिक निकायले कार्य प्रकृतिको आधारमा छुट्टै खरिद इकाई गठन गर्नुपर्ने, खरिद अधिकारी तोक्नुपर्ने व्यवस्था गरी नियम १४७ मा मूल्याङ्कन समिति समेतको व्यवस्था रहेको छ । अस्पताल विकास समितिले नियमको व्यवस्था बमोजिम खरिद इकाई र मूल्याङ्कन समिति गठन गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>८३.</td><td>औषधि तथा सर्जिकल उपकरण खरिदः सार्वजनिक खरिद नियमावली २०६४ मा मालसामान खरिद गर्नु अघि स्पेसिफिकेशन स्वीकृत गर्नुपर्नेमा अस्पतालमा विभिन्न मितिमा खरिद गरिएका सर्जिकल उपकरणरुको स्पेसिफिकेशन स्वीकृत गरी खरिद गर्ने गरेको पाइएन । विभिन्न विक्रेताहरुबाट दररेट माग गरी सोही दररेटको आधारमा लागत अनुमान तयार गर्दै दरभाउपत्र र सोझै खरिदको कार्य हुने गरेको छ । औषधि र सर्जिकल समानहरु काठमाडौं तथा विराटनगरका सप्लायर्सबाट</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	**लेखापरीक्षणबाट देखिएका व्यहोरा**	**बेरुजु रकम**

दरभाउपत्र र सोझै खरिद गरी ल्याएकोमा सामान प्राप्त भएपछि विल भेरिफिकेशन गर्ने, उपभोग अवधि यकिन गर्ने, लागयतको काम तोकिएको समेत पाइएन । यो वर्ष निम्नानुसारको अवधिमा औषधि खरिद कार्य गरेको देखिएकोमा प्राप्त औषधिहरु तथा फार्मेसी सेवा संचालन गर्न खरिद गरिएका औषधि समेतको भेरिफिकेशन गर्न टोली गठन गरेको पाइएन ।

खरिद अवधि	रकम	फर्म
२०७६/३/३१	४७२५९१	सिद्धिविनायक
२०७७/३/३१	४७२५९१	सिद्धिविनायक
२०७७/३/३१	३८१५८३	जीवन मेडिको
२०७७/१/२४	९७२६१	पुष्प केयर सेन्टर
२०७७/१/२४	९१०७१	पुष्प केयर ल्याव सामाग्री
२०७७/१/२४	९८४३१	जीवन मेडिको
२०७७/१/२४	९९००४.९५	ओम सर्जिकल
२०७७/१/११	२९९१९६	सिद्धीविनायक (फार्मेसी संचालन)
२०७६/११/८	११८९२९	भण्डारी सर्जिकल
२०७६/१०/२१	१८६७१०	जानदेवी सप्लायर्स
२०७६/१०/२९	१९५४८२	एन एम वायोवेड
२०७६/१०/१७	१४१९८२	मण्डल मेडिकल हल
२०७६/२/२४	८८२५३	भण्डारी सर्जिकल
२०७६/७/२४	१८०८९८	जीवन मेडिको
२०७६/७/२४	१२६३६८	ड्रग इम्पोरियम
२०७६/१०/६	२२५१२०	वायोमेड एम एस
२०७७/३/३	६७५९१२	ल्याव सामान खरिद
२०७६/५/४	३०९२६०	सर्जिकल सामाग्री
जम्मा	४२६०६४२.९५	

उपरोक्तानुसारको विवरण अनुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१ख) बमोजिम सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटा फर्मबाट एक पटक मात्र खरिद गर्नुपर्नेमा सो अनुसार नगरी पटक पटक एकै फर्मबाट सोझै खरिद गर्दै भुक्तानी गरेको समेत देखिएको छ । नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

८४. **अन्य प्रयोजनमा खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्डको बारेमा उल्लेख गरिएको छ । नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र अस्पताल विकास समितिका सदस्य समेतका पदाधिकारी २८ जनाको ताप्लेजुङ्ग, इलाम अवलोकन भ्रमण कार्यक्रममा अस्पताल तर्फको विविध खर्चबाट भ्रमण कार्यमा खर्च गरिएको पाइयो । अस्पतालको संचालनको लागि स्वीकृत बजेटबाट भ्रमण कार्यमा खर्च गरेको अनियमित खर्च रु. — १०००००/-

८५. **प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म नगरपालिकाले सेवाको शर्त र सुविधा स्वीकृत गरी लागु गरेको पाइएन । अस्पताल विकास समितिको निर्णय अनुसार मे.सु. डाक्टर रोहेन्द्र पाण्डे र विनोद कुमार सिंहलाई प्रोत्साहन भत्ता भुक्तानी हुने गरेको छ । स्वास्थ्य मन्त्रालयको कर्मचारीको प्रोत्साहन भत्ता सम्बन्धी कार्य विधिमा दोहोरो नपर्ने गरी, कामको विवरण, डिजिटल हाजिरी न्यूनतम दैनिक अतिरिक्त समय खुल्ने कागजात लगायतका विवरण अद्यावधिक गरी शुरु तलव मानको अधिक्तम ५० प्रतिशत

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
	सुचकको आधारमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली स्वीकृत गरी भुक्तानी गर्नुपर्नेमा यो वर्ष उपरोक्तानुसारको पुरै विवरण खडा नगरी रु.७५००००/- भुक्तानी गरेको पाइयो । तोकिए बमोजिमका प्रमाण राखि सुचकको आधारमा भुक्तानी गर्नुपर्दछ ।	
८५.१.	नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ९७ मा सेवामा वाहाल रहेका कर्मचारीको प्रकृतीलाई विचार गरी सरकारले विशेष सुविधा दिन सक्ने व्यवस्था गरेको छ । तर समितिले अस्पतालको मे.सु.लाई युएसजी गरे वापत प्राप्त रकमको ५० प्रतिशत भत्ता दिने गरेको पाइयो । सेवाग्राहीलाई सेवा दिए वापत आर्जन गरेको सेवा शुल्क अस्पतालकै भौतिक विकास र सेवा विस्तारमा प्रयोग गर्नुपर्नेमा थप तलव भुक्तानी गर्ने कार्यमा रु.५६०१२५/- खर्च भएको छ ।	
८६.	समितिले सुरक्षा कार्यको लागि भद्रकाली सेक्यूरीटी सर्भिसबाट सुरक्षा सेवा लिएकोमा सुरक्षामा खटिएका सुरक्षा कर्मीलाई समेत अस्पतालको खर्चबाट नाइट ड्यूटी भत्ता भुक्तानी गरेको रु. ४६५०/- असुल हुनुपर्दछ रु.	४६५०/-
८७.	ल्याव सम्बन्धी सामाग्री खरिद गरेकोमा उक्त सर्जिकल मालसामानको भुक्तानी गर्दा अन्य सेवा तर्फको खर्च शिर्षकबाट भुक्तानी गरेकोले असम्बन्धित खर्च शिर्षकबाट भुक्तानी गरेको रु.	४४४०९/-
८८.	दैनिक ज्यालादारीको ज्याला वापतको रकम भुक्तानी गर्दा सुमन कुमार गुप्ता र विनीता कुमार यसले रकम बुझिलिएको नपाइएकोले रकम बुझाएको प्रमाण पेश हुनुपर्दछ ।	
८९.	मे.अ रात्री ड्यूटी तथा सार्वजनिक विदा वापत डाक्टरहरुको नामको भुक्तानी रकम रु.१०४५५०/- सुनिल कुमार चौधरीलाई भुक्तानी गरेकोमा निजले उक्त रकम सम्बन्धितलाई बुझाएको भरपाई पेश नभएको रु.	१०४५५०/-
९०.	**जिन्सीः** प्रदेश नं. १, प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को निमय ४७ मा जिन्सी मालसामानको विवरण स्पेसिफिकेशन र मूल्य समेत खुलाई जिन्सी कितावमा आम्दानी बाध्नु पर्ने र जिन्सी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी खातामा आम्दानी बाध्दा कतिपय सामानको स्पेसिफिकेशन नखुलेको, वडा कार्यालयमा पठाएको तथा खर्च भएको सामाग्रीको निकासी नं. उल्लेख नभएको, जिन्सी दाखिला प्रतिवेदन फारममा मिति उल्लेख नभएको, पाइयो मोटरसाइकल, ल्यापटम जस्ता जिन्सी सामाग्रीको अभलेखको लागि सहायक जिन्सी खाता राखेतापनि प्रयोग गर्ने सम्बन्धित कर्मचारीलाई बुझाएको अभिलेख देखिएन । प्रदेश नं. १, सार्वजनिक खर्चको मापदण्ड कार्यविधि तथा मितव्ययीता सम्बन्धी निर्देशिका, ७५ को अनुसूची १ बमोजिमको ढाँचामा जिन्सी सामाग्री प्रयोगको व्यक्तिगत अभिलेख खाता राख्नु पर्दछ । नियमावलीमा व्यवस्था भए बमोजिम जिन्सी खाता तथा सहायक जिन्सी खाता अध्यावधिक गर्नुपर्दछ ।	
९१.	**इन्धन खर्चको मापदण्डः** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन रखर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धनमा रु. २९८७५६०/- खच गरेकोमा इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको पाइएन । प्रत्येक सावरी साधनको प्रयोगको लगबुक राखी सम्बन्धित पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा सावरी साधन प्रयोगको लगबुक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययीता उत्पादनमुखि बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लगबुक राख्ने व्यवस्था गर्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नुपर्दछ ।	

स्थानीय तहको नामः *रंगेली नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजु रकम
९२.	**भ्रमण अभिलेख खाताः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रम आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राखुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भ्रमण खर्चमा रु.१२२७३५०/- खर्च गरेकोमा तोकिएको ढाँचामा भ्रमण अभिलेख खाता राखेको पाइएन । नियमावलीको पालना गर्नुपर्दछ ।	
९३.	**सम्झौताको शर्त र कार्यान्वय अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद सम्झौतामा रकम भुक्तानीमा रकम भुक्तानी गर्दा सम्झौताको शर्त पुरा गरेरमात्र गर्नुपर्ने व्यवस्था छ। नगरपालिका कार्यालय र सगरमाथा सामुदायिक विकास केन्द्र विच २०७६।२।२६ मा सम्पन्न नगर डिजिटल पार्श्वचित्र तयारी कार्य गर्न सम्झौता भई सोही मिति देखि कार्य प्रारम्भ गर्नुपर्ने र शर्त नं. १२ मा टी.ओ.आर स्वीकृत भएको १५ दिन भित्र कार्य शुरु नगरेमा सम्झौता भंग गरिने व्यवस्था रहेको छ । पालिकाले म्याद पुरा हुन ७ दिन अगावै मात्र सम्झौता भएपछि, वर्षा, दशै, तिहार, छठ पर्वको कारण तथ्याङ्क संकलनमा ढिलाई भएको अवस्था देखाएर म्याद थप माग गरेको र २०७६।८।१९ को निर्णयबाट म्याद थप भएको पाइयो । सम्झौताको शर्तमा १५ दिन भित्र कार्य शुरु नगरेकोमा सम्झौता नै भंग हुने शर्त रहेमा पनि परामर्शदाताले शर्त बमोजिम काम नगरेको अवस्थामा म्याद थप गरी यो वर्ष २०७६।९।२४ मा रु. ८३९०००/- खर्च गरेको पाइयो । सम्झौतामा पार्श्वचित्र सम्बन्धी विद्युतय प्रतिवेदन समेत उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको र उक्त प्रतिवेदन माग गर्दा लेखापरीक्षण पेश भएन रु.	८३९०००/-
९४.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजु फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजु फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा नगरपालिकाबाट सम्परीक्षणको लागि अनुरोध पेश भएको छैन् । नियमानुसार बेरुजु असुल फस्र्योट हुनुपर्दछ ।	
९५.	**सञ्चित कोष तथा बेरुजूको स्थितिः-** नगरपालिकाको सञ्चितकोषको स्थिति, बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति क्रमशः अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ ।	

सञ्चित कोषको स्थिति

अनुसूची-१

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँ पालिका	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
							गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
प्रदेश नं.१	मोरङ	रंगेली नगरपालिका	नगरपालिका	१६१५६१२	८४५७२	५.२३	१२७३१८	४०८६५८	१६०५१८	२९७५९	२८००५४	८७८९८९	२९९८१७	२३४६७४	२०२१३२	७३६६२३	२६९६८४

बेरुजु बर्गीकरण

अनुसूची-२

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँ पालिका	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फर्छ्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
				दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की		
				सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
प्रदेश नं.१	मोरङ	रंगेली नगरपालिका	नगरपालिका	१२१	७६	८७९९७	२	१०	३४२५	११९	६६	८४५७२	४४५८	३५०९०	३८४५३	०	०	७३५४३	०	६५७१	६५७१

अद्यावधिक बेरुजुको स्थिति

अनुसूची-३

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/नगर/गाउँ पालिका	गत वर्षको अनुसूचीवाट	समायोजन	गत बर्ष सम्मको वाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेस्की
प्रदेश नं.१	मोरङ	रंगेली नगरपालिका	नगरपालिका	७९०६०	-२२९	७८८३१	०	०	०	०	७८८३१	८४५७२	१६३४०३	९९५७